

# भूपरिवेश अध्ययन प्रतिवेदन
# शुक्लाफाँटा नगरपालिका,
# कञ्चनपुर

राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल
National Land Right Forum Nepal

**दस्तावेज** : भूपरिवेश अध्ययन प्रतिवेदन, शुक्लाफाँटा नगरपालिका, २०८२

**सर्वाधिकार** : © राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल

**अध्ययनमा संलग्न** : राम चुनारा, कर्ण बानियाँ, अनु चौधरी, माया वड, राम चुनारा, कमल बि.क.

**प्रतिवेदन लेखन** : कुमार थापा

# विषयसूची


सारांश ......................................................................................................५

**खण्ड १ : अध्ययनको परिचय, औचित्य र उद्देश्य ...............................................६**

१.१ परिचय ......................................................................................................६

१.२ मुख्य उद्देश्य ..............................................................................................७

१.३ अध्ययनको औचित्य र महत्व ..........................................................................७

१.४ अध्ययन विधि र प्रक्रिया ...............................................................................७

१.५ अध्ययनको क्षेत्र र सीमा ..............................................................................८

**खण्ड २ : कार्यक्षेत्रको भूपरिवेश ........................................................................९**

२.१ भूमिमा पहुँच र भूसम्बन्ध ..............................................................................९

२.२ भूमि अधिकारबाट बञ्चित सीमान्तकृत समुदायको अवस्था ..........................१०

२.३ भूमिमा लैङ्गिक समानता ...............................................................................११

**खण्ड ३: सामाजिक, जनसाङ्ख्यिक तथा भूस्वामित्व एवं भोगचलनको अवस्था .....१३**

३.१ अध्ययन गरिएका पालिकाको घर/परिवार तथा जनसङ्ख्या ..........................१३

३.२ घरमूलीको विवरण .........................................................................................१४

३.३ जाति, जनजातिको विवरण ...............................................................................१५

३.४ घरका प्रकार ...................................................................................................१६

३.५ भूमिसम्बन्धी विवरणहरू ..................................................................................१७

३.५.१ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित **बसोबासी** ..................१८

३.५.२ जमिनको स्वामित्व .........................................................................................१९

३.५.३ महिलामा भूस्वामित्व .......................................................................................२०

३.५.४ बिचल्लीमा शुक्लाफाँटाका आरक्ष पीडित ........................................................२१

३.५.५ अधिया/बटैया ....................................................................................२३

३.५.६ विपद्को कहर भोग्दै विस्थापीत ..................................................................२३

३.६ खाद्य सुरक्षा ............................................................................................ २५

३.६.१ खाद्य पर्याप्तता ........................................................................................२६

**खण्ड ४: भूउपयोग तथा जलवायस परिवर्तनले भूमि-कृषि क्षेत्रमा पारेको प्रभाव...२८**

४.१ भूमिको वर्गिकरण र उपयोग .........................................................................२८

४.२ भूउपयोगको संस्कार, संकृति तथा सामुदायिक चालचलन ........................... २९

४.३ भूमि-कृषि क्षेत्रमा जलवायु परिवर्तनले पारेको प्रभाव ...................................३१

**खण्ड ५: कृषि उत्पादन र उपभोगसम्बन्धी विवरण ...........................................३४**

५.१ सङ्लग्न कृषिको प्रकार ...............................................................................३४

५.२ कृषि उत्पादन र उपभोग ............................................................................ ३५

**खण्ड ६: मुख्य सवाल, सिफारिस र निष्कर्ष .................................................... ३९**

६.१ मुख्य सवाल ............................................................................................. ३९

६.२ निष्कर्ष ..................................................................................................... ४३

**अनुसूचीहरू ........................................................................................................ ४५**

**सन्दर्भ सामग्री ....................................................................................................५०**

# सारांश

अध्ययन प्रतिवेदनले शुक्लाफाँटा नगरपालिकाको भूमि अधिकार, भू-उपयोग, कृषि उत्पादन, पारिवारिक खेती, जलवायु परिवर्तनको प्रभाव र समाधान उपायहरूको समग्र चित्र प्रस्तुत गर्ने प्रयास गरेको छ । नगरपालिकाको सामाजिक, आर्थिक र भौगोलिक परिवेशले यहाँका समुदायहरूको जीवनयापन, खाद्य सुरक्षा र समृद्धिमा गहिरो प्रभाव पारिरहेको छ ।

नगरपालिकामा कृषि जीविकोपार्जनको मुख्य आधार हो । परम्परागत रूपमा पारिवारिक खेती प्रणालीले समुदायलाई आत्मनिर्भर बनाउँदै आएको छ तर जमिनको असमान वितरण, सुकुमबासी समस्या, अव्यवस्थित बसोबास र अद्यावधिक भू-स्वामित्व अभिलेखको अभावले भूमिहीनता र कृषकको जीवनस्तरमा चुनौती थपिरहेको छ । कृषिभूमिको जथाभावी वर्गीकरण, वन विनास र परम्परागत बाली प्रणालीको क्षयले वातावरणीय असन्तुलन निम्त्याएको छ ।

जलवायु परिवर्तनले यहाँका कृषि प्रणालीमा प्रत्यक्ष असर पारेको छ । अति वर्षा, सुख्खा, बाढीपहिरो र जमिन कटानले बाली उत्पादन घटाउँदै कृषकहरूलाई आर्थिक संकटमा पारेका छन् । यसले खाद्य सुरक्षालाई जोखिममा पारेको छ । विपद् जोखिम न्यूनीकरण र वातावरणमैत्री कृषि अभ्यासको अभावले दीर्घकालीन दिगोपनामा प्रश्न खडा गरेको छ ।

नगरपालिकामा भू-उपयोग योजना लागू भए पनि यसको प्रभावकारी कार्यान्वयन र अनुगमनमा चुनौती देखिन्छ । सामुदायिक सहभागिता, सीमान्कन, वर्गीकरण, नक्सांकन र अद्यावधिक अभिलेख व्यवस्थापन सुदृढ गर्नुपर्ने आवश्यकता छ । कृषकहरूलाई आधुनिक सीप, बजार पहुँच र कृषि भण्डारण संरचना अभावले उत्पादन क्षमतामा पूर्ण लाभ लिन सकेका छैनन् ।

भूस्वामित्वको सुनिश्चितता, सुकुमबासी र अव्यवस्थित बसोबासीको पुनःस्थापना, भू-उपयोग नीतिको स्थानीय आवश्यकता अनुसार संशोधन र कार्यान्वयनमा सामुदायिक सहभागिता हुन जरूरी छ । विपद् पूर्वतयारी र वातावरणमैत्री प्रविधि प्रबर्द्धन गर्दै, जलस्रोतको संरक्षण, माटोको उर्बरता वृद्धि र जैविक कृषि प्रणाली विस्तार गर्नुपर्ने देखिन्छ । अध्ययनले स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र संघीय सरकार बीचको सहकार्यलाई अझ बलियो बनाउन सिफारिस गर्दछ । यसबाट भूमि तथा कृषि क्षेत्रको न्यायोचित व्यवस्थापन, खाद्य सुरक्षा, वातावरण संरक्षण र आर्थिक समृद्धिमा योगदान पुग्नेछ ।

# खण्ड : १

## अध्ययनको परिचय, औचित्य र उद्देश्य

### १.१ परिचय

शुक्लाफाँटा नगरपालिका सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लामा अवस्थित एक महत्वपूर्ण स्थानीय तह हो, जुन नेपालको संघीय संरचनाअन्तर्गत गठन गरिएको हो । यस नगरपालिकाको भौगोलिक स्थान, जैविक विविधता, सामाजिक-सांस्कृतिक स्वरूप तथा आर्थिक गतिविधिहरूको बहुआयामिक स्वरूपले यसलाई विशेष महत्व प्रदान गरेको छ । विशेषगरी शुक्लाफाँटा वन्यजन्तु आरक्षको छेउमै रहेको हुँदा यस नगरको पर्यावरणीय सन्दर्भमा समेत उच्च मूल्य रहेको पाइन्छ ।

शुक्लाफाँटा नगरपालिकाको भूपरिवेश अध्ययनको उद्देश्य यस क्षेत्रको भौगोलिक अवस्थिति, भू-संरचना, खेतीको प्रकार, जल-स्रोत, वातावरणीय अवस्थाहरू, जमिन उपयोगको अवस्था, वन क्षेत्र, तथा सामाजिक-आर्थिक संरचनालाई समग्र रूपमा विश्लेषण गर्नु हो । यसले नगर क्षेत्रको भौगोलिक तथा पर्यावरणीय पक्षहरू मात्र होइन, मानव बसोबासको ढाँचा, कृषि, उद्योग, यातायात तथा पूर्वाधारहरूको अवस्थाबारे समेत आधारभूत सूचना संप्रेषण गर्ने प्रयत्न गरिएको छ ।

नगरपालिकाको भूपरिवेश अध्ययनले दीगो विकास योजनाहरू तयार गर्न, जलवायु परिवर्तनको प्रभाव मूल्याङ्कन गर्न, विपद् जोखिम व्यवस्थापनमा सहयोग पुऱ्याउन, साथै भूमि तथा प्राकृतिक स्रोतहरूको संरक्षण र उपयोगको मार्गनिर्देशन गर्न सक्नेछ । यस्तो अध्ययनले नीति निर्माणकर्ता, योजना निर्माताहरू, अनुसन्धानकर्ता तथा स्थानीय तहका सरोकारवालाहरूका लागि पनि उपयोगी हुन सक्ने छ ।

यस अध्ययन प्रतिवेदनले स्थानीय सरकारले तय गर्ने नीति तथा कार्यक्रमहरूमा भूमिहीन, सुकुमबासी तथा अव्यवस्थित परिवारको व्यवस्थापन र उनिहरूको अधिकार स्थापित गर्न एउटा माध्यम बन्न सक्ने छ । साथै भूउपयोगको विस्तृत योजनामा तर्जुमा गरि कार्यान्वयनको लागि पनि आवश्यक सूचनाहरू यस अध्ययन प्रतिवेदनबाट प्राप्त गर्न सकिने छ ।

यसरी, शुक्लाफाँटा नगरपालिकाको भूपरिवेषीय विश्लेषणले दीगो विकासका लागि आवश्यक सूचना र तथ्यहरू प्रदान गर्ने अपेक्षा गरिएको छ, जसले समावेशी र वातावरणमैत्री स्थानीय विकासलाई टेवा पुऱ्याउनेछ ।

## १.२ मुख्य उद्देश्य

शुक्लाफाँटा नगरपालिकाको भूमि-कृषि अध्ययनले भूमि अधिकारबाट बञ्चितहरूको पहिचान, भूमि उपयोगको अवस्थाको विश्लेषण, कृषि प्रविधि र सेवा पहुँचको अवलोकन, जलवायु परिवर्तनको प्रभाव मूल्याङ्कन गर्दै दीर्घकालीन कृषि नीति निर्माणमा सहयोग पुऱ्याउने उद्देश्य राखेको छ ।

- भूमि अधिकारबाट बञ्चितको अवस्था एकिन गरी उनिहरूको अधिकार सुनिश्चित गर्न स्थानीय सरकार मार्फत सहयोग गर्ने ।
- जलवायु परिवर्तन, वर्षा, तापमान, बाढी आदि तत्वले कृषिमा पार्ने प्रभावको विश्लेषण गर्ने ।
- अध्ययनको परिणामका आधारमा नगरको दीर्घकालीन कृषि नीति, कार्ययोजना र बजेट व्यवस्थापनमा सहयोग पुऱ्याउने ।
- भूमिको न्यायसङ्गत स्वामित्व, उपयोग र महिला तथा युवाको संलग्नता बढाउन चालिनुपर्ने कदमबारे सुझाउने ।

## १.३ अध्ययनको औचित्य र महत्व

भूमि अधिकारबाट वञ्चित समुदायको पहिचान गरी तिनीहरूको हक सुनिश्चित गर्नु सामाजिक न्यायको आधार हो । यस्तै, कृषि योग्य, आवासीय, वन, जलाशय तथा अन्य भूमिको वर्तमान उपयोग अवस्था पहिचान गर्नु नगरको योजनाबद्ध विकासका लागि आवश्यक छ । यस अध्ययनले कृषकहरूले प्रयोग गर्दै आएका प्रविधि, उपकरण, मल-बिउको अवस्था, सेवा पहुँचको विश्लेषणबाट कृषि प्रणालीको मजबूतीका लागि आवश्यक नीति निर्माणमा सहयोग पुग्छ । यस अध्ययनले महिला र युवाहरूको भूमिमा पहुँच तथा संलग्नता बढाउने उपायहरू समेत पहिचान गर्न मद्दत गर्छ । साथै, प्राप्त निष्कर्षका आधारमा कृषि नीति, कार्यक्रम तथा बजेट निर्माणमा सघाउ पु-याउने भएकाले यो अध्ययन आवश्यक भएको हो ।

## १.४ अध्ययन विधि र प्रक्रिया

अध्ययन अघि स्थानीय स्तरमा परिचालन हुने सहजकर्ताहरूको अभिमुखीकरण गरिएको थियो । यस प्रक्रियामा उनीहरूलाई अध्ययनको उद्देश्य, उपकरणको प्रयोग, सूचनाको प्रकार, समुदायसँगको संवाद विधि आदि विषयमा सीप तथा जानकारी प्रदान गरिएको थियो ।

सहभागीतामूलक विधि र प्रक्रियामार्फत समुदायमा छलफल गरिएको थियो । जसमा स्थानिय स्रोत (जस्तैः पानी, माटो, वन) र सामाजिक संरचनालाई चित्रण गर्दै सामाजिक



तथा स्रोत नक्शा तयार पारियो । यसले समुदायभित्रको सामाजिक पहुँच, उपयोग हुने स्रोत र सेवा प्रवाह प्रणालीबारे विश्लेषण गर्न सहयोग पुऱ्यायो ।

उपलब्ध भूउपग्रह नक्साको प्रयोग गरी हालको भूमि उपयोगको अवस्थाको नक्सांकन गरियो । साथै, समुदायको परिकल्पना र आवश्यकतालाई ध्यानमा राखी भविष्यमा आवश्यक पर्ने भूमि उपयोगको सुझावसहितको वर्षिकरण नक्सा पनि तयार गरियो ।

स्थानीय रूपमा लामो समयदेखि भूमि अधिकारको क्षेत्रमा काम गरिरहेका अगुवा, अभियानकर्ता र संस्थाहरूबाट अनुभवजन्य तथा नीतिगत सूचनाहरू संकलन गरियो । यसले इतिहास, आन्दोलन र परिवर्तनको सन्दर्भमा गहन विश्लेषण गर्न मद्दत गऱ्यो ।

संकलित सबै गुणात्मक तथा मात्रात्मक सूचनाहरूलाई व्यवस्थित रूपमा डिजिटल प्रणालीमा प्रविष्टि गरिएको थियो । त्यसपछि तिनीहरूको तुलनात्मक विश्लेषण, नक्सासँगको मिलान, र प्रतिवेदन निर्माणको काम सम्पन्न गरियो ।

## १.५ अध्ययनको क्षेत्र र सीमा

अध्ययन कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा केन्द्रित छ । शुक्लाफाँटा नगरपालिका भूमिहीन, बाढी, ऐलानी, मुक्त कमैया, आरक्ष जस्ता समस्या बढी भएकाले यस अध्ययनले भूमि अधिकारबाट बञ्चित किसानको न्याय, भूमिको उपयोग, भूसम्बन्ध र जलवायु परिवर्तनले भूमि-कृषिमा पारको असर पहिल्याउने प्रयास गरिएको छ । यो अध्ययनले यी क्षेत्र भन्दा बाहिरको जानकारी समेट्दैन ।

घरधुरी सर्वेक्षणमा आधारित नभएकाले यसमा प्रत्येक घरको जानकारी उपलब्ध छैन भने नगरबाट उपलब्ध तथ्याङ्कमा आधारित भएकाले कतिपय अवस्थामा यी तथ्याङ्क अध्ययनकर्ता र राष्ट्रियस्तरका अन्य अध्ययनसँग मेल नखान पनि सक्छ ।

# खण्ड : २

## कार्यक्षेत्रको भूपरिवेश

### २.१ भूमिमा पहुँच र भूसम्बन्ध

भूमि नागरिक जीवन, जीविकोपार्जन र सामाजिक संरचनाको मूल आधार हो । भूमिमा पहुँच र भूसम्बन्धका विषयहरू सामाजिक, आर्थिक र ऐतिहासिक पृष्ठभूमिसँग जोडिएका छन् ।

नगरपालिका भित्र जमिनको स्वामित्व विविध ढाँचामा पाइन्छ–कागजी प्रमाण भएको निजी भूमि, परम्परागत रूपमा प्रयोग गरिँदै आएको अव्यवस्थित बसोबासको भूमि, सामुदायिक वन क्षेत्र, सरकारी र सार्वजनिक जमिन लगायत छन् । अझै पनि भूमि अधिकारबाट बञ्चितको संख्या ठूलो छ । विशेषतः सीमान्तकृत समूह, दलित, थारू समुदाय, विगतका बन्धुवा मजदुर र स्थानान्तरित परिवारहरू भूमिमा पहुँचको दृष्टिले कमजोर छन् ।

शुक्लाफाँटा नगरपालिकाको कुल क्षेत्रफल १६२.५७ वर्गकिलो मिटरमध्ये ५.९७ प्रतिशत जमिन मात्र खेतीका लागि उपयुक्त छ । ९३.८५ प्रतिशत क्षेत्र जङ्गल, नदीनाला, तालतलैया, आवासिय क्षेत्र, सडक आदीले ओगटेको छ ।[१]

शुक्लाफाँटा नगरपालिकामा ठूलो सङ्ख्यामा परिवारहरू भूमिविहीन छन् । विशेष गरी दलित, थारू, जनजाति नै भूमिहीन छन् । भूमि आयोगको प्रारम्भिक विवरण अनुसार, २०८२ सालसम्म शुक्लाफाँटा नगरपालिकामा ३ सय ६३ परिवार भूमिहनि छन् । तीमध्ये धेरैजसो परिवारसँग उपभोगको भूमि त छ तर कागजात छैन, जसले उनीहरूलाई कानुनी रूपमा अधिकारबाट वञ्चित बनाएको छ ।

शहरीकरण र सिमसार क्षेत्र आसपासको बसोबास विस्तारसँगै जमिन उपयोगको स्पष्टता हराउँदै गएको छ । धेरैजसो नागरिक वर्षौंदेखि बसोबास गरे पनि उनीहरूसँग कानुनी स्वामित्व (पुर्जा) छैन । भूमिसमबन्धी समस्या समाधान आयोगको २०८२ को

१ नगर वस्तुस्थिति विवरण, २०७९ शुक्लाफाँटा नगरपालिका, कञ्चनपुर

प्रतिवेदन अनुसार ११ हजार ८ सय ५४ परिवार अव्यवस्थित रूपमा बसोबास गर्दै आएका छन् ।

भूमिमा महिला स्वामित्व न्यून छ । त्यही पनि सरकारले पछिल्लो चरणमा महिलाको नाममा जमिन पास गर्दा २५ देखि ४० प्रतिशत तथा एकल महिलाको हकमा ३५ प्रतिशत छूट दिने नीति ल्याएका कारण मात्र महिलाको नाममा जमिन बढी देखिन थालेको हो । शुक्लाफाँटा नगरपालिकाको नगर विकास योजना २०७८-२०८३ अनुसार यस पालिकामा १८ प्रतिशत महिलाको नाममा जमिनको एकल स्वामित्व र ८ प्रतिशत परिवारमा मात्र श्रीमान् र श्रीमती दुवैको स्वामित्वमा जमिन भएको देखिन्छ ।

बाढी, डुबान, सुख्खा जस्ता कारणले उब्जनी जमिन बाँझिने वा प्रयोगमा कठिनाइ भएको छ । विशेषगरी दक्षिणी क्षेत्रहरू (झलारी, बेलौरी सिमाना) मा वर्षेनी बाढीले भूमि बगाउने समस्या रहेको छ ।

## २.२ भूमि अधिकारबाट बञ्चित सीमान्तकृत समुदायको अवस्था

सामाजिक तथा आर्थिक हिसाबले पछाडि पारिएका सीमान्तकृत समुदायहरू जस्तै थारू, दलित, आदिवासी जनजाति, मुक्त कमैया-कमलरी, सुकुम्बासी तथा अन्य भूमिहीन समूहहरू अझै पनि भूमि अधिकारबाट बञ्चित छन् । भूमि अधिकार नभएका कारण यी समुदायहरूको जीविकोपार्जन, सामाजिक सुरक्षा र समग्र जीवनस्तरमा नकारात्मक असर परेको छ ।

शुक्लाफाँटाका विशेष गरी दलित र थारू समुदाय परम्परादेखि सरकारी जमिन, वन क्षेत्र, नदी किनार तथा अन्य सार्वजनिक भूमिमा बसोबास गर्दै आएका छन् । धेरैजसोले वर्षौंदेखि खेतीपाती गर्दै आएको जमिन उपभोग गर्दै आए पनि कानुनी रूपमा जमिनको स्वामित्व अधिकार प्राप्त गर्न सकेका छैनन् । यस्तो अवस्थाले उनीहरूलाई औपचारिक सेवाहरू जस्तै कृषि ऋण, पुनर्वास, सामाजिक सुरक्षा र विपद् व्यवस्थापन कार्यक्रममा पहुँचविहीन बनाएको छ ।

थारू समुदाय, शुक्लाफाँटाको प्रमुख भूमिप्रवेश भएका जातीय समूहमध्ये पर्छ । इतिहासमा कमैया प्रणाली अन्तर्गत खेतबारीमा बधुवा मजदुरी गर्दै आएका थुप्रै थारू परिवारहरू लोकतान्त्रिक परिवर्तनपछि मुक्त त भएका छन्, तर तिनीहरूको पुन:स्थापना प्रक्रिया ढिलो गतिमा भएकोले अझै पनि अधिकांश परिवार भूमिहीन अवस्थामा छन् । उनीहरूले आफूहरूले पुस्तौदेखि जोतेको जमिनको अधिकार मागिरहेका छन्, तर सरकारी प्रक्रिया, सीमाना नापजाँचको अस्पष्टता र राजनीतिक इच्छाशक्तिको कमीले यो प्रक्रिया प्रभावकारी बन्न सकेको छैन ।

त्यस्तै, दलित समुदाय पनि जमिन स्वामित्वको दृष्टिले निकै पछाडि छन् । उनीहरूलाई ऐतिहासिक रूपमा जमिनविहीन श्रमिकको रूपमा प्रयोग गरिँदै आएकोले, अझै पनि अधिकांश दलित परिवारहरू साँघुरा क्षेत्र, सार्वजनिक भूमि वा धनी जमिन्दारहरूको जमिनमा आश्रित छन् । आफ्नै नाममा जमिन नभएकोले उनीहरूले घर निर्माण, कानुनी अधिकार संरक्षण, लगानी र कृषि उत्पादनमा सुधार ल्याउने अवसर गुमाइरहेका छन् ।

भूमि अधिकारबाट बञ्चित सीमान्तकृत समुदायहरू सामाजिक दृष्टिले पनि हेपिएका छन् । जमिन स्वामित्वको अभावले उनीहरूको सामाजिक हैसियत कमजोर बनाएको छ, जसले गरिबी, बेरोजगारी र अशिक्षालाई अझै बल दिएको छ । साथै, जलवायु परिवर्तन, बाढी, डुबान तथा सुख्खा जस्ता प्राकृतिक विपद्बाट बढी प्रभावित हुने समुदाय पनि यिनै हुन्, तर क्षतिपूर्ति वा पुनर्वासमा उनीहरूको पहिचान नै नपर्ने अवस्था रहँदै आएको छ ।

नेपाल सरकारले भूमि सम्बन्धी न्याय सुनिश्चित गर्न विभिन्न नीति, कार्यक्रम र आयोग गठन गरे पनि तिनको प्रभावकारी कार्यान्वयन शुक्लाफाँटा नगरपालिका जस्ता स्थानीय तहमा अझै चुनौतीपूर्ण छ । भूमि आयोगले तथ्यांक संकलन तथा प्रमाण संकलन गरिरहेको भए तापनि, वास्तविक लाभ पाउन समुदायले लामो समय पर्खनु परेको छ । कतिपयले अझै प्रमाण बुझाउने प्रक्रियामा सहजीकरण पाएका छैनन् ।

## २.३ भूमिमा लैङ्गिक समानता

शुक्लाफाँटा नगरपालिका, कञ्चनपुर जिल्लाको सुदूरपश्चिम प्रदेशमा अवस्थित एक विविध सामाजिक बनावट भएको स्थानीय तह हो, जहाँ विभिन्न जातीय, सांस्कृतिक तथा वर्गीय समुदायहरूको बसोबास रहेको छ । यस्तो विविधताबीच पनि महिलाहरूका लागि भूमिमा पहुँच र स्वामित्वको सन्दर्भमा लैङ्गिक समानता अझै एक महत्वपूर्ण चुनौतीको रूपमा देखा परेको छ । भूमिमा पहुँच र स्वामित्वलाई महिलाको आर्थिक सशक्तिकरण, सामाजिक हैसियत, राजनीतिक सहभागिता र समग्र मानव अधिकारसँग गहिरो सम्बन्ध हुन्छ । तर शुक्लाफाँटा नगरपालिकामा महिलाहरूको नाममा दर्ता भएको जग्गाको संख्या अझै सीमित छ ।

हालैका तथ्यांकहरू अनुसार, शुक्लाफाँटा नगरपालिकाका जम्मा घरधुरीमध्ये करिब १८.२४ प्रतिशत घरधुरीमा मात्र महिलाको नाममा भूमि स्वामित्व रहेको देखिन्छ । त्यस्तै, महिलाहरू र पुरूषहरूको संयुक्त नाममा जग्गा रहेको घरधुरीको प्रतिशत झण्डै १४.१८ रहेको अनुमान गरिएको छ । बाँकी दुई तिहाइभन्दा बढी जमिन भने पुरूषको

स्वामित्वमा मात्र रहेको छ । यद्यपि पछिल्लो समय नेपाल सरकारले महिलाको नाममा जग्गा दर्ता गर्दा दस्तुरमा छुट दिने जस्ता नीति ल्याएको छ, व्यवहारमा ती नीति पूर्ण रूपमा लागू भएको देखिदैन । अझ दुःखद त के छ भने महिलाको नाममा भएका स्वामित्वहरू पनि धेरैजसो साँकेतिक मात्र छन्, जसमा महिलालाई वास्तविक प्रयोग, नियन्त्रण वा निर्णयको अधिकार छैन ।

शुक्लाफाँटाका ग्रामीण क्षेत्रहरूमा परम्परागत सामाजिक मान्यता र संस्कारहरू अझै बलियो छन् । विवाहपछि महिलाले पतिको घरमा बस्ने परम्परा, बाबुको सम्पत्तिमा छोरीको स्वामित्व दिन र महिलालाई निर्णय प्रक्रियाबाट विमुख राख्ने संरचनात्मक व्यवहारले उनीहरूलाई भूमिको पहुँचबाट टाढा राखेको छ । अझ, थारू, दलित, जनजाति तथा आर्थिक रूपमा विपन्न समुदायका महिलाहरू भूमिको अधिकारबाट अझ वञ्चित छन् । उनीहरू कानुनी रूपमा हकदार भए पनि व्यवहारिक रूपमा त्यसको उपयोग गर्न सक्ने स्थितिमा छैनन् ।

महिलाको नाममा जमिन नभएकाले उनीहरूले बैंक ऋण, सहकारी सेवा, कृषिमा लगानी र सरकारी योजना तथा राहत कार्यक्रमहरूमा पहुँच छैन । भूमिविहीन महिलाहरूले आत्मनिर्भर बन्ने अवसर गुमाएका छन्, र उनीहरूको आर्थिक तथा सामाजिक स्थितिमा परिवर्तन हुन सकेको छैन । जमिन नहुनु महिलाको सुरक्षित बासोबास, शिक्षा, स्वास्थ्य, रोजगारी र राजनीतिक सहभागीता जस्ता पक्षमा पनि असर परेको छ ।



# खण्ड : ३

## सामाजिक, जनसाङ्ख्यिक तथा भूस्वामित्व एवं भोगचलनको अवस्था

### ३.१ अध्ययन गरिएका पालिकाको घर/परिवार तथा जनसङ्ख्या

शुक्लाफाँटा नगरपालिकामा १२ वटा वडा र ७१ टोल छ। जसमा ११,६०४ घरधुरी र ५७,९५० जनसंख्या (२८४१६ महिला र २९५३४ पुरूष) को बसोबास छ । नगरपालिकाबाट उपलब्ध सूचनाका आधारमा घर/परिवार र जनसङ्ख्या उल्लेख गरिएको छ।

**तालिका नं. १:** वडागत रूपमा समुदाय, घरधुरी र जनसङ्ख्या विवरण

| वडा नं | टोल | घरधुरी | जनसंख्या | | जम्मा |
|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | |
| १ | गणेशपुर, मल्लो चौराहा, तल्लो चौराहा, श्रीकुण्ड, लौटाहा, वन्साहा, बैशाखा शिविर | १२१६ | २६८७ | २९१६ | ५६०३ |
| २ | लक्ष्मिपुर, रानीपुर, ढकनिया, गुल्लरपट्टी | ५२८ | ११४२ | ११८८ | २३३० |
| ३ | जोनापुर, पिपलाडी, तारापुर, पोखरी | ५८२ | १५९० | १५१२ | ३१०२ |
| ४ | असैना, सिकलपट्टी, आशापुर, ढाणा, शान्तिपुर, मुक्तीटोल | ७६७ | १९५८ | २०१९ | ३९७७ |
| ५ | वन समिति, प्रगति टोल, गर्जमुनी, खजुवा, बैशाखा | १०४१ | २७७० | २८८९ | ५६५९ |
| ६ | कमलताल टोल, वैजनाथ टोल, | ५४२ | १३२१ | १३६५ | २६८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | शिवशक्ति टोल, वन समिति | | | | |
| ७ | सिमलफाँटा, जुडा, पिताम्बर, शान्तिपुर, स्टेशनपुर, कालापानी, भान्टाभाज | १२८३ | २८६३ | ३०१५ | ५८७८ |
| ८ | भमरभोज, फुलेली, पारीफाँटा, नौखरी, बेलडाँडी, पिल्लरीफाटा, धारापानी, बरेंगाडा | १२६२ | ३२२८ | ३३१९ | ६५४७ |
| ९ | सिसैया, नौखरी | ६८९ | १६९२ | १७०४ | ३३९६ |
| १० | बन्जरीया, मुक्तीटोल, झलारी बजार, जब्दा प्रगति टोल, खल्लाबस्ती, टोटी, लालपनिया, मिलखेत | १०३७ | २५२९ | २६०९ | ५१३८ |
| ११ | कलुवापुर, अमरपुर, दिपनगर | १६७२ | ४२९७ | ४५३६ | ८८३३ |
| १२ | कालागौडी, दुवाहा, कुण्डा, खल्ला, बसन्तपुर, चित्रपुर, अगेनीपट्टी र दमनपट्टी | ९८५ | २३३९ | २४६२ | ४८०१ |
| **जम्मा** | **७१** | **११६०४** | **२८४१६** | **२९५३४** | **५७९५०** |

*स्रोत: शुक्लाफाँटा नगरपालिकाको वस्तुगत विवरण, २०७९*

## ३.२ घरमुलीको विवरण

नेपालको पितृसत्तात्मक संरचनाले गर्दा लामो समयसम्म घरमूलीको भूमिका पुरूषले मात्रै निर्वाह गर्ने प्रचलन रहेको छ । यद्यपि पछिल्लो समय महिला सशक्तिकरण, शिक्षा तथा रोजगारीको पहुँचसँगै महिलाहरू पनि घरमूलीका रूपमा अघि आउन थालेका छन् ।

**तालिका नं. २:** घरमुलीको विवरण

| वडा नं | महिला घरमुली | | पुरूष घरमुली | | जम्मा घरधुरी |
|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ५८५ | ५.० | ६२८ | ५.४ | १२१६ |
| २ | २६६ | २.३ | २३७ | २.० | ५२८ |
| ३ | २४२ | २.१ | ३३८ | २.९ | ५८२ |
| ४ | ४२८ | ३.७ | ३३३ | २.९ | ७६७ |
| ५ | ५०५ | ४.४ | ५४१ | ४.७ | १०४१ |
| ६ | २८२ | २.५ | २५४ | २.२ | ५४२ |
| ७ | ४८० | ४.१ | ८०९ | ७.० | १२८३ |
| ८ | ६०६ | ५.२ | ६५८ | ५.७ | १२६२ |
| ९ | ३४९ | ३.० | ३३७ | २.९ | ६८९ |
| १० | २६९ | २.३ | ८०० | ६.९ | १०३७ |
| ११ | ७६४ | ६.६ | ९०४ | ७.८ | १६७२ |
| १२ | २९७ | २.६ | ६८८ | ५.९ | ९८५ |
| **जम्मा** | **५०७६** | **४३.७** | **६५२७** | **५६.३** | **११६०४** |

*स्रोतः शुक्लाफाँटा नगरपालिकाको वस्तुगत विवरण, २०७९*

शुक्लाफाँटा नगरपालिकामा ११६०४ घरधुरी मध्ये पुरूष घरमुलीको संख्या ६५२७ जना ५६.३ प्रतिशत रहेको छ भने महिला घरमुलीको संख्या ५०७८ जना ४३.७ प्रतिशत रहेको पाईन्छ । घरमुलीको प्रतिशतको आधारमा हेर्दा पारिवारिक संरचनामा पुरूष प्रधानताको अनुपात अझै पनि बढी नै रहेको छ ।

## ३.३ जाति, जनजातिको विवरण

शुक्लाफाँटा नगरपालिका एक विविध सांस्कृतिक र जातीय बनावट भएको स्थानीय तह हो । यहाँ विभिन्न जातजाति, समुदायहरू बसोबास गर्दै आएका छन् । जसले यो क्षेत्रलाई सामाजिक रूपमा समृद्ध बनाए पनि विविधता व्यवस्थापनमा केही चुनौतीहरू देखापरेका छन् । सांस्कृतिक विविधताः विभिन्न जातजातिका परम्परा, भाषा, रीतिरिवाज, पर्व तथा पोशाकहरूले समृद्ध सांस्कृतिक मिश्रण बनाएको छ ।

**तालिका नं. ३:** जाति जानजातीको विवरण

| वडा नं. | जात जाती | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क्षेत्री | ठकुरी | थारू | बाहुन | दलित | अन्य | जम्मा |
| १ | २७७७ | ११९ | ८९२ | ११८३ | ६२२ | १० | ५६०३ |
| २ | ७४० | १५७ | ८७० | ३१२ | २३० | २१ | २३३० |
| ३ | ७२४ | ११७ | १८३८ | १९० | २२८ | ५ | ३१०२ |
| ४ | ८२५ | ९५ | १३४४ | ६४३ | १०४५ | २५ | ३९७७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | २००५ | २३९ | २९३ | २२३९ | ८६१ | २२ | ५६५९ |
| ६ | ९६२ | ९४ | ६८८ | ७०४ | २३८ | ० | २६८६ |
| ७ | २९३३ | २६७ | ३७८ | १८१२ | ४८२ | ६ | ५८७८ |
| ८ | ३७३६ | १०२ | १४६१ | ४३८ | ८०२ | ८ | ६५४७ |
| ९ | ११६६ | ६५ | ११८६ | १७६ | ७९५ | ७ | ३३९६ |
| १० | १६५६ | ७६ | ९४० | १५४७ | ८९९ | २० | ५१३८ |
| ११ | ४१३० | २९५ | ७१६ | १२६२ | २३०४ | १२६ | ८८३३ |
| १२ | २०५८ | ४६ | २०९५ | ५२८ | ११० | ० | ४८०१ |
| **जम्मा** | **२३७१२** | **१६७२** | **१२६६६** | **११०३४** | **८६१६** | **२५०** | **५७९५०** |
| **प्रतिशत** | **४०.९** | **२.९** | **२१.९** | **१९** | **१४.९** | **०.४** | **१००** |

*स्रोत: शुक्लाफाँटा नगरपालिकाको वस्तुगत विवरण, २०७९*

शुक्लाफाँटा नगरपालिमामा विशेष गरी विभिन्न किसिमका जातीय समुदायहरू बसोबास गर्दै आएका छन् । ती मध्ये बुहसंख्यक बाहुन तथा क्षेत्रीको बाहुल्यता रहेको छ । जसमा ४०.९ प्रतिशत क्षेत्री, १९ प्रतिशत ब्राह्मण, २१.९ प्रतिशत थारू छन् । थारू समुदाय ऐतिहासिक रूपमा यस क्षेत्रको आदिवासी समुदाय हो, जसको सामाजिक र सांस्कृतिक योगदान महत्वपूर्ण छ । त्यस्तै दलित १४.९ प्रतिशत रहेका छन् । दलित समुदाय सामाजिक विभाजनबाट पीडित भए तापनि हाल शिक्षा र सचेतनाको विकासले उनीहरूको अवस्था सुधारोन्मुख छ ।

## ३.४ घरका प्रकार

शुक्लाफाँटा नगरपालिका एक मिश्रित भौगोलिक तथा जातीय संरचनायुक्त नगरपालिका हो । जहाँ घरको प्रकार सामाजिक, आर्थिक अवस्था, भौगोलिक पहुँच, निर्माण सामग्रीको उपलब्धता र समुदायको सांस्कृतिक परम्परासँग जोडिएको पाइन्छ । विभिन्न घरहरूको बनोट र निर्माण शैलीले यहाँको जीवनशैली, बसोबासको अवस्था र आर्थिक क्षमतालाई स्पष्ट रूपमा प्रतिबिम्बित गर्छ ।

शुक्लाफाँटा नगरपालिकामा पक्की घरहरूको संख्या बढ्दो छ । २०७८ को तथ्याङ्क अनुसार यस नगरपालिकामा ३० प्रतिशत परिवारको पक्की घर छ । प्रायः शहरी केन्द्र (महेन्द्रनगरसँग सटेका वडा, बजार क्षेत्र) मा यस्ता घरहरूको प्रचलन बढी छ । इँटा वा ढुंगा प्रयोग गरेर बनाइएका तर छानामा जस्तापाता वा काठ प्रयोग गरिएका अर्धपक्की घरहरू ४५ प्रतिशत छन् । धेरैजसो ग्रामीण क्षेत्र वा सीमित आम्दानी भएका वर्गमा यस्ता घर पाइन्छन् । माटो, फुस, बाँस, काठ प्रयोग गरिएका घरहरू २५ प्रतिशत

छन् । यस्ता घरहरू विशेषगरी थारू र दलित बस्तीहरूमा पाइन्छन् । यी घरहरू सामान्यत: बाढी, पहिरो वा अन्य विपद्को उच्च जोखिममा छन् ।

## ३.५ भूमिसम्बन्धी विवरणहरू

शुक्लाफाँटा नगरपालिकामा भूमिसम्बन्धी समस्या जटिल र बहुआयामिक छन्, जसले सामाजिक, आर्थिक, र राजनीतिक पक्षहरूमा गहिरो प्रभाव पारिरहेको छ । भूमिको स्वामित्व, प्रयोग र व्यवस्थापनका विविध पक्षहरूमा देखिएका समस्याहरूले यस क्षेत्रमा विकासका सम्भावनालाई अवरूद्ध पार्ने काम गरिरहेका छन् ।

सबैभन्दा प्रमुख समस्या स्वामित्वसम्बन्धी असमानतासँग जोडिएको छ । ऐतिहासिक रूपमा यस क्षेत्रका थारू, दलित तथा अन्य सीमान्तकृत समुदायहरूले खेतीयोग्य जमिनमा पुस्तौंदेखि बसोबास गर्दै आएका भए पनि उनीहरू धेरैजसो जमिनको कानुनी स्वामित्वबाट वञ्चित छन् । लालपुर्जाविनाको अवस्था उनीहरूको आर्थिक तथा सामाजिक हैसियतमा प्रत्यक्ष असर पारिरहेको छ । सरकारी सेवा, ऋण सुविधा, कृषि अनुदान तथा अन्य आर्थिक अवसरहरूमा उनीहरूलाई पहुँच नहुनु यसको स्पष्ट उदाहरण हो ।

भूमिसम्बन्धी अर्को गम्भीर समस्या नक्सांकन र अभिलेख व्यवस्थापनको अपूरणीयता हो । धेरैजसो जग्गा पुरानो नक्सा र दर्ताको आधारमा सञ्चालनमा रहेका छन्, जसले गर्दा दोहोरो स्वामित्व, सीमाना विवाद र सरकारी तथा निजी जग्गा छुट्याउन कठिनाइ भएको छ ।

भूमिको उपयोगसम्बन्धी समस्या पनि महत्वपूर्ण छ । नगर क्षेत्रमा अव्यवस्थित बसोबास र शहरीकरणका कारण कृषि योग्य जमिनमा घर, पसल र अन्य संरचना निर्माण भइरहेको छ । खेतीयोग्य जमिनको घट्दो दरले कृषि उत्पादनमा गिरावट ल्याइरहेको छ, जसले स्थानीय बजारमा खाद्य मूल्यमा वृद्धि तथा आयआर्जनका स्रोतमा कमी ल्याएको छ ।

लैङ्गिक दृष्टिकोणबाट हेर्दा, महिलाको नाममा जग्गा दर्ता हुने अनुपात निकै न्यून छ । परम्परागत संरचना, सामाजिक दृष्टिकोण तथा कानुनी जानकारीको अभावका कारण महिलाहरू भूमि स्वामित्वबाट बञ्चित छन् । यसले महिला सशक्तिकरण र आत्मनिर्भरतालाई कमजोर बनाइरहेको छ ।

साथै, विस्थापित समुदाय, बाढीपीडित वा संरक्षित क्षेत्रबाट उठिबास गराइएका व्यक्तिहरूका लागि भूमि पुनर्वासको स्पष्ट नीति नभएकाले उनीहरू अझै पनि अस्थायी

रूपमा बसोबास गर्न बाध्य छन् । यसले मानव अधिकार तथा जीवनस्तरमा गम्भीर असर पारिरहेको छ ।

## ३.५.१ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी

विभिन्न कालखण्डमा गरी १९ वटा आयोग बने । तर भूमिको समस्या भने समाधान हुन सकेन । शुक्लाफाँटा नगरपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको समस्या गहिरो सामाजिक, आर्थिक र नीतिगत जटिलतासँग जोडिएको छ। यी समुदायहरू लामो समयदेखि भूमिको पहुँचबाट वञ्चित रहँदै आएका छन् । दलित समुदाय, परम्परागत रूपमा जमिनमा आश्रित भए पनि, अधिकांशको जमिनको स्वामित्व छैन ।

सुकुमबासीहरूको अवस्था झन् अस्थिर छ। बाढी, वन क्षेत्र विस्तार, वा अन्य कारणले विस्थापित भएर सार्वजनिक वा अन्य जोखिमयुक्त क्षेत्रहरूमा बसोबास गरिरहेका व्यक्तिहरूलाई स्थायी बसोबासको कानुनी मान्यता प्राप्त छैन। यसले उनीहरूको शिक्षा, स्वास्थ्य र जीविकोपार्जनमा दीर्घकालीन असर पारेको छ ।

**तालिका नं. ४ :** भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी

| वडा नं | भूमिहीन दलित | भूमिहीन सुकुम्बासी | अव्यवस्थित बसोबासी | जम्मा |
|---|---|---|---|---|
| १ | १८ | ९ | १५४३ | १५७० |
| २ | ११ | २० | ६२० | ६५१ |
| ३ | २ | ९ | ३८७ | ३९८ |
| ४ | ६ | ३ | ८६७ | ८७६ |
| ५ | २ | १ | ११५० | ११५३ |
| ६ | ४ | ५ | ४७९ | ४८८ |
| ७ | ६ | १२ | १०५१ | १०६९ |
| ८ | १८ | २९ | १३२५ | १३७२ |
| ९ | १३ | ७ | ६६६ | ६८६ |
| १० | ७५ | २२ | ६७८ | ७७५ |
| ११ | ५९ | १९ | १७४१ | १८१९ |
| १२ | १ | १२ | १३४७ | १३६० |
| **जम्मा** | **२१५** | **१४८** | **११८५४** | **१२२१७** |

*स्रोतः शुक्लाफाँटा नगरपालिकाको वस्तुगत विवरण, २०७९*

शुक्लाफाँटा नगरपालिकामा भूमि समस्या समाधान आयोगको कार्यविधिअनुसार २१५ भूमिहीन दलित, १४८ भूमिहीन सुकुमबासी र ११८५४ अव्यवस्थित बसोबासीको निवेदन सङ्कलन गरेको छ । पछिल्लो पटक बनेको भूमिसम्बन्धी समस्या समाधान आयोगले यो समस्या समाधान गर्छ भन्ने झिनो आसा पनि छ ।

## ३.५.२ जमिनको स्वामित्व

दर्ता भएको स्वामित्व नै हाम्रोमा एक मात्र सुरक्षित भूस्वामित्व हो । नगरपालिकाबाट उपलब्ध तथ्याङ्क हेर्दा समग्रमा ९२.९ प्रतिशतको आफ्नो स्वामित्वमा जग्गा भएको बुझाउँछ । स्वामित्वको सवालमा ७.१ प्रतिशत भूमिहीन रहेको देखिन्छ ।

**तालिका नं. ५:** घर/परिवारको आधारमा भूस्वामित्वको अवस्था

| वडा नं. | जमिनको स्वामित्व हुने | | जमिनको स्वामित्व नहुने | | जम्मा घरपरिवार |
|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | ११०६ | ९१.० | ११० | ९.० | १२१६ |
| २ | ४७७ | ९०.३ | ५१ | ९.७ | ५२८ |
| ३ | ५४८ | ९४.२ | ३४ | ५.८ | ५८२ |
| ४ | ६२५ | ८१.५ | १४२ | १८.५ | ७६७ |
| ५ | ९४७ | ९१.० | ९४ | ९.० | १०४१ |
| ६ | ५२३ | ९६.५ | १९ | ३.५ | ५४२ |
| ७ | १२५५ | ९७.८ | २८ | २.२ | १२८३ |
| ८ | १२५६ | ९९.५ | ६ | ०.५ | १२६२ |
| ९ | ६५३ | ९४.८ | ३६ | ५.२ | ६८९ |
| १० | ८३० | ८०.० | २०७ | २०.० | १०३७ |
| ११ | १६०३ | ९५.९ | ६९ | ४.१ | १६७२ |
| १२ | ९५३ | ९६.८ | ३२ | ३.२ | ९८५ |
| **जम्मा** | १०७७६ | ९२.९ | **८२८** | ७.१ | **११६०४** |

*स्रोत: शुक्लाफाँटा नगरपालिकाको वस्तुगत विवरण, २०७९*

शुक्लाफाँटा नगरपालिकामा आफ्नो परिवारको स्वामित्वमा जमिन हुने ९२.९ प्रतिशत घर/परिवार छन् । ८२८ घर/परिवारको आफ्नो परिवारको स्वामित्वमा जमिन छैन । आफ्नो नाममा जमिन नहुनेले अरूको स्वामित्वमा रहेको जमिन उपयोग गर्दै आएका छन् ।

## ३.५.३ महिलाको भूस्वामित्व

शुक्लाफाँटा नगरपालिकामा महिलाको भू-स्वामित्वको अवस्था समग्र रूपमा कमजोर र सीमित रहेको देखिन्छ। नेपालको संविधान तथा भूमि सम्बन्धी नीतिहरूले महिलालाई भूमि स्वामित्वमा प्रोत्साहित गरे पनि व्यवहारिक तहमा अझै महिला-केन्द्रित स्वामित्वको अवस्था सन्तोषजनक छैन । शुक्लाफाँटाको ग्रामीण संरचना, परम्परागत सामाजिक मान्यता र पितृसत्तात्मक सोचका कारण महिलाहरूको नाममा जमिन दर्ता हुने दर निकै कम छ ।

अभिलेखीय तथ्यांक अनुसार, यस नगरपालिकामा कुल भू-स्वामित्व मध्ये महिलाको प्रतिशत न्यून छ । यद्यपि पछिल्लो समयमा सरकारले महिलाको नाममा जग्गा दर्ता गर्दा शुल्क छुट दिने नीति ल्याएको भए पनि त्यो सुविधा प्रयोग गर्ने संख्या खासै उल्लेखनीय छैन, विशेष गरी सीमान्तकृत जातजाति, दलित तथा गरिब वर्गका महिलाहरूमा । यसको कारण आर्थिक पहुँचको अभाव, कानुनी प्रक्रियाप्रति जानकारी नहुनु, परिवारका पुरूष सदस्यको वर्चस्व र सामाजिक रूपमै महिलालाई "सम्पत्ति हस्तान्तरणको योग्य" नठान्ने मानसिकता प्रमुख छन् ।

शुक्लाफाँटाको अधिकांश महिला कृषिमा प्रत्यक्ष संलग्न भए पनि उनीहरू उत्पादक साधन (जग्गा) मा अधिकार नभएकोले आर्थिक निर्भरता कायम छ । फलस्वरूप, उनीहरूको निर्णय प्रक्रियामा सहभागिता कमजोर छ, र सरकारी सेवा तथा सहुलियतपूर्ण कार्यक्रमहरूमा पहुँच सीमित रहन्छ ।

**तालिका नं. ६ :** भूमिमा महिलाको स्वामित्व

| वडा नं. | जमिनको स्वामित्व हुने परिवार | जमिनको स्वामित्व | | | |
|---|---|---|---|---|---|
| | | पुरूष | प्रतिशत | महिला | प्रतिशत |
| १ | ११०६ | १०९१ | ९८.६ | १५ | १.४ |
| २ | ४७७ | ४६५ | ९७.५ | १२ | २.५ |
| ३ | ५४८ | ५२७ | ९६.२ | २१ | ३.८ |
| ४ | ६२५ | ५९१ | ९४.६ | ३४ | ५.४ |
| ५ | ९४७ | ८२० | ८६.६ | १२७ | १३.४ |
| ६ | ५२३ | ४९३ | ९४.३ | ३० | ५.७ |
| ७ | १२५५ | ११५४ | ९२.० | १०१ | ८.० |
| ८ | १२५६ | १२१८ | ९७.० | ३८ | ३.० |
| ९ | ६५३ | ६१८ | ९४.६ | ३५ | ५.४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | ८३० | ७३९ | ८९.० | ९१ | ११.० |
| ११ | १६०३ | १५२३ | ९५.० | ८० | ५.० |
| १२ | ९५३ | ९०७ | ९५.२ | ४६ | ४.८ |
| **जम्मा** | **१०७७६** | **१०१४६** | **९४.२** | **६३०** | **५.८** |

*स्रोत: शुक्लाफाँटा नगरपालिकाको वस्तुगत विवरण, २०७९*

शुक्लाफाँटा नगरपालिकामा कुल मध्ये १०,७३७ (९२.९ प्रतिशत) परिवारको आफ्नो स्वामित्वमा जमिन छ । तीमध्ये १०,१४६ पुरूषको नाममा जमिन रहेको छ, जुन ९४.२% हो । महिलाको नाममा ६३० (५.८ प्रतिशत) मात्र जमिनको स्वामित्व छ । यसले स्पष्ट देखाउँछ भने महिलाहरूको जमिनको स्वामित्व न्यून रहेको छ ।[२]

वडागत रूपमा हेर्दा, सबै वडामा महिलाको जमिन स्वामित्व पुरूषको तुलनामा निकै कम छ। यद्यपि केही वडामा औसतभन्दा केही उच्च प्रतिशत देखिन्छ। वडा नं. ५ मा सबैभन्दा धेरै महिलाको स्वामित्व (१२७ जना १३.४%) रहेको छ। त्यस्तै वडा नं. १० मा ११ प्रतिशत महिलाको नाममा जमिनको स्वामित्व रहेको देखिन्छ।

## ३.५.४ बिचल्लीमा शुक्लाफाँटाका आरक्ष पीडित

आरक्ष स्थापना हुनु अघि धेरै समुदायहरू शुक्लाफाँटा क्षेत्रभित्र खेतीपाती, घासदाउरा तथा वन उपभोग गरेर जीविकोपार्जन गर्दै आएका थिए। शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज सन् १९७६ मा आरक्षित वनको रूपमा स्थापना भएपछि क्रमशः वन क्षेत्रको संरक्षण र विस्तार भयो र यसले गर्दा त्यहाँ बसोबास गर्दै आएका समुदायहरू विस्थापित भए । पछिल्लो समय पनि निकुञ्जको सीमा आसपास बस्ने समुदायहरू बफर जोन, वन ऐन र सुरक्षाका नाममा विभिन्न प्रतिबन्धहरूको सामना गर्दै आइरहेका छन्।

शुक्लाफाँटा नगरपालिकामा हालसम्म करिब ५५० भन्दा बढी परिवारहरू आरक्ष पीडितको रूपमा सूचीकृत छन् । तीमध्ये अधिकांशले अझैसम्म वैकल्पिक बसोबास, जग्गाधनी प्रमाणपत्र वा रोजगारीका अवसरहरू पाउन सकेका छैनन् । जनसंख्याको हिसाबले करिब ३,००० जना भन्दा बढी नागरिकहरू प्रत्यक्ष या अप्रत्यक्ष रूपमा आरक्ष पीडामा परेका छन् ।[३]

[२] शुक्लाफाँटा नगरपालिकाको वस्तुगत विवरण, २०७९

[३] समुदाय छलफलको क्रममा उपलब्ध तथ्याङ्क

ढक्का शिविरमा मात्रै ६ सय २ परिवारको बसोबास छ। यहाँ विभिन्न क्षेत्रबाट विस्थापित भएकाहरू टहरा बनाएर बसोबास गरिरहेका हुन् । विस्थापित हुँदा सुरूमा उनीहरू साबिकको दैजी गाविस, झलारी गाविसलगायतका क्षेत्रमा बसोबास गर्थे । लामो समयसम्म पुनर्स्थापना नभएपछि उनीहरू निकुञ्जकै कोर एरियामा आएर बस्न थालेका हुन् । केही वर्ष निकुञ्ज प्रशासनले धपाउने र खेतीपाती लगाउन नदिए पनि अहिले भने निकुञ्जले अप्ठेरो नगरेको उनीहरू बताउँछन् ।

२०३३ मा तत्कालीन शाही सिकार आरक्षलाई शुक्लाफाँटा वन्यजन्तु आरक्ष घोषणा गरेपछि पूर्वी क्षेत्र विस्तार गरिएको हो। २०५८ सम्म निकुञ्जको विस्तारित क्षेत्रहरूबाट बस्ती खाली गरिएको हो। २०३३ देखि सुरू भएको विस्थापितको समस्या अझै समाधान हुन सकेको छैन । १ सय ५० वर्ग किलोमिटर क्षेत्रफल रहेको आरक्षको पूर्वी क्षेत्र विस्तार गरेर ३ सय ५ वर्ग किलोमिटर बनाइएको हो । २०७३ मा शुक्लाफाँटालाई आरक्षबाट निकुञ्जमा स्तरोन्नति गरिएको हो ।[४]

पछिल्लो पटक गठन भएको ३२ औं आयोगले २०८१ पुस २६ मा प्रतिवेदन बुझाएको छ। पहिलो बैठक बसेको मितिले ३ महिनाको समय तोकिएको समितिले निकुञ्ज तथा वन क्षेत्रमा बसोबास गरिरहेकालाई प्रतिपरिवार राहत स्वरूप १० लाख दिने र तत्काल वन क्षेत्रबाट हटाउनुपर्ने प्रतिवेदनमा उल्लेख गरेको छ।

शुक्लाफाँटा वन्यजन्तु आरक्ष राष्ट्रिय निकुञ्जमा स्तरोन्नति भइसकेको छ। पुनर्स्थापनाकै लागि भनेर ३२ वटा आयोग गठन भएर थुप्रै खर्च पनि भइसकेको छ। तर विस्थापितको अवस्था भने जहाँको त्यहीँ छ । अहिले पनि विस्थापितहरू जङ्गलमै बसिरहेका छन् । उनीहरूको उचित पुनर्स्थापना गर्न नसक्दा विस्थापितको संख्या प्रतिदिन बढ्दै गएको छ ।

अझै पनि पुनर्स्थापनामा ध्यान नदिने हो भने यो समस्या झनै विकराल बन्दै जाने स्थानीय बताउँछन् । १ सय ५० वर्ग किलोमिटर क्षेत्रफल रहेको तत्कालीन आरक्षको पूर्वी क्षेत्र विस्तार गरेर ३ सय ५ वर्ग किलोमिटर पुऱ्याइएको हो । २०३३ देखि पूर्वी क्षेत्र खाली गराउन सुरू भएको थियो। २०५८ मा सङ्कटकाल लागेका बेला निकुञ्जको पूर्वी क्षेत्र पूर्णरूपमा खाली गराइएको हो ।

[४] शुक्लाफाँटाका विस्थापितः ३२ आयोग बने, पुनर्स्थापना पर्खिदैं तेस्रोत पुस्ता, भवानी भट्ट, असार २८, २०८२, कान्तिपुर

### ३.५.५ अधिया/बटैया

शुक्लाफाँटा नगरपालिकाको बासिन्दाहरूको मुख्य जीविकोपार्जन कृषि पेशामा आधारित छ। यद्यपि, सबै नागरिकहरूसँग खेतीयोग्य भूमि छैन। यसै सन्दर्भमा, भूमिहीन तथा सीमान्तकृत समुदायले अरूको जमिन भाडामा लिएर, विशेषगरी अधियाँ/बटैया गरी खेती गर्ने चलन छ।

अधियाँ प्रथा नेपाली ग्रामीण समाजको पुरानै अभ्यास हो, जसअन्तर्गत कृषकले अरूको जग्गा खेती गर्न पाउँछ र उत्पादनको केही अंश जग्गाधनीलाई बुझाउँछ। यो सम्झौता अधिकांश अवस्थामा मौखिक हुन्छ, जसले कृषकलाई कुनै कानुनी सुरक्षा प्रदान गर्दैन। शुक्लाफाँटा नगरपालिकामा यस्तो प्रकारको खेती गर्ने कृषकहरूको संख्या उल्लेख्य छ। दलित, थारू र अन्य जातीय तथा आर्थिक रूपमा पछाडि पारिएका समुदायहरू अधियाँ प्रथामा संलग्न छन्।

यो प्रथाले कृषकहरूलाई जीविकोपार्जनको आशा त दिन्छ, तर दीर्घकालीन सुरक्षा दिन सक्दैन। अधियाँमा बसेका किसानले धेरै श्रम गरेर पनि आफ्नो श्रमको उचित मूल्य पाउँदैनन्। उत्पादनको ठूलो हिस्सा जमिनधनीले लिने भएकाले कृषकलाई घाटा व्यहोर्नु पर्ने अवस्था पनि छ। कहिलेकाहीँ मौसम, मल, बीउ, वा सिँचाइको अभावले उत्पादन घट्दा अधियाँ कृषक झन् सङ्कटमा पर्छन्।

शुक्लाफाँटा नगरपालिकामा अधियाँ खेतीको अर्को पक्ष सामाजिक असमानता हो। जग्गाधनी र अधियाँ कृषकबीचको सम्बन्ध केवल आर्थिक नभई, सामाजिक हैसियतमा आधारित पनि हुन्छ। जमिन नभएका परिवारलाई समाजले हेर्ने दृष्टिकोण फरक छ। विशेषगरी दलित वर्गका अधियाँ कृषकहरू दोहोरो शोषणमा परिरहेका छन्। सामाजिक विभेद र आर्थिक शोषण दुवै।

शुक्लाफाँटा नगरपालिकामा करिब १५-२० प्रतिशत कृषकहरू अरूको जमिनमा अधियाँमा खेती गर्ने गर्छन्। यी कृषकहरूमा विशेष गरी दलित, थारू, जनजाति समुदायका मानिसहरू छन्, जो आफ्नै जमिन नभएका र भए पनि थोरै जमिन हुनेहरू अरूको जमिन अधियाँमा लिएर जीविकोपार्जन गर्दै आएका छन्।

### ३.५.६ विपद्को कहर भोग्दै विस्थापित

प्राकृतिक तथा मानवनिर्मित विपद्ले यहाँका धेरै परिवारलाई गम्भीर असर पुऱ्याएको छ। बाढी, डुबान, नदी कटान, अव्यवस्थित बसोबासका कारण यहाँका धेरै नागरिकहरू बारम्बार विस्थापित हुन बाध्य छन्।

प्रत्येक वर्ष मनसुनको समयमा चण्डी नदी, बनारा, सुइया, अरिङ्गाल, ढोढारी, मोहना, खोंखाहा लगायतका नदीहरूमा आउने बाढी तथा डुबानले वडा नं. १०, ११, १२ लगायतका क्षेत्रहरूमा ठूलो असर पार्ने गरेको छ । विशेष गरी धानखेतीमा निर्भर परिवार, दलित, सुकुम्बासी तथा भूमिहीन समुदाय बढी प्रभावित हुने गरेका छन् । पालिकाको तथ्याङ्क अनुसार, सन् २०२३ र २०२४ मा मात्रै करिब ८०० भन्दा बढी परिवारहरू विस्थापित भएका थिए । उनीहरू विद्यालय, स्वास्थ्य चौकी, मन्दिर र खुल्ला स्थानमा बस्न बाध्य भए ।

प्राकृतिक विपत्तिको अतिरिक्त, वन क्षेत्रको अतिक्रमण, जमिन अभावमा जोखिमपूर्ण स्थानमा बसोबास, र नगरपालिकाको व्यवस्थित पुनर्वास कार्यक्रम नहुनु विस्थापनको मुख्य कारण हो । सुकुम्बासी तथा आरक्ष पीडित समुदायहरू अझ बढी मारमा परेका छन् ।

विपद्बाट विस्थापित भएका समुदायहरूको आर्थिक पुनःस्थापनाको अवस्था पनि कमजोर छ । उनीहरू जीविकोपार्जन गर्नकै लागि दैनिक ज्यालादारी, माछा मार्ने, काठ काट्ने, सस्तो श्रममा काम गर्न बाध्य छन् । शिक्षा, स्वास्थ्य, सरसफाइजस्ता आधारभूत सेवा सुविधामा पहुँच अत्यन्त न्यून छ । कतिपय परिवार अझै अस्थायी टहरोमा जीवन गुजारिरहेका छन् । विपद्को कहरले विस्थापित शुक्लाफाँटा नगरवासीहरू आज पनि असुरक्षित र अपमानजनक जीवन बिताइरहेका छन् ।

## भूमिको स्वामित्व नहुँदा राहतबाट समेत बञ्चित

नेपालको तराई क्षेत्रमा विशेष गरी सुदूरपश्चिमका जिल्लाहरूमा ऐलानी भूमिमा पुस्तौंदेखि बसोबास गर्दै आएका हजारौं परिवार छन्। तीमध्ये अधिकांशसँग आफ्नो नाममा जग्गाको कानुनी स्वामित्व (पुर्जा) छैन। नन्दा जोशीले बताएअनुसार, उनीहरू ७ कट्ठा जमिनमा खेतीपाती गर्दै आएकी छन्, तर वर्षेनी बाढी आउँदा पूरै बाली नष्ट हुन्छ। यो अवस्था नियमितजस्तै बनेको छ "जेठदेखि वर्षा शुरू हुन्छ, असोज महिनासम्म राति सुत्न सकिन्न" भन्ने उनका शब्दले स्थायी त्रास र असुरक्षाको अनुभूति उजागर गर्छ।

सबैभन्दा दुःखद पक्ष तब देखिन्छ जब बाढीपछि प्रहरी र सरकारी टोली बस्तीमा क्षतिको विवरण टिप्न आउँछ, तर उनीहरूको नजरमा नन्दा जस्ता भूमिहीनको अस्तित्व नै हुँदैन। क्षतिको विवरण केवल ती व्यक्तिका लागि लिइन्छ, जसको नाममा जग्गा छ,

जसको घरमा लालपुर्जा छ। त्यसैले राहतको सूचीमा भूमिहीनको नाम कहिल्यै पर्दैन। यो राज्यद्वारा गरिएको संस्थागत विभेद हो, जसले भूमिहीन नागरिकलाई दोहोरो मारमा पार्छ। एकातिर प्राकृतिक विपद्, अर्कोतिर सरकारी बेवास्ता।

शुक्लाफाँटा नगरपालिका-१०, कञ्चनपुर निवासी नन्दा जोशीको अनुभव केवल व्यक्तिगत पीडा मात्र होइन, नेपालको भूमिहीन र अव्यवस्थित बसोबासी समुदायको साझा पीडा हो। जोशीले व्यक्त गरेजस्तै, भूमिको स्वामित्व नभएकै कारण बर्सेनि बाढी र प्राकृतिक विपत्तिबाट पीडित भएर पनि राहत, क्षतिपूर्ति वा राज्यको कुनै सेवा-सुविधाबाट वञ्चित हुनुपरेको छ।

नन्दा जोशीले विगतमा आयोगहरू बनेको र आफूहरूले फारम भरेको पनि बताएकी छन्, तर अहिलेसम्म न उनीहरूको जमिन नापजाँच भएको छ, न कानुनी स्वामित्व दिइएको छ। राज्यका तर्फबाट गरिएका नीतिगत प्रतिवद्धता कागजमै सीमित छन्। यसले भूमिहीन नागरिकको मनमा गहिरो असन्तोष र असुरक्षा उत्पन्न गरेको छ।

जोशीको प्रश्न "हामी कहिलेसम्म असुरक्षित रूपमा बसोबास गर्ने?" केवल प्रश्न मात्र होइन, राज्यका नीति निर्माता र कार्यान्वयनकर्ताका लागि गम्भीर चुनौती पनि हो। भूमिको स्वामित्व नभएर राहत, कृषि अनुदान, आवास योजना जस्ता हरेक सरकारी कार्यक्रमबाट वञ्चित हुनु नागरिक अधिकारको हनन हो। भूमि अधिकार केवल निजी सम्पत्तिको कुरा होइन, यो जीवनको सुरक्षा, विकासको आधार र सम्मानपूर्वक बाँच्न पाउने मौलिक अधिकारसँग जोडिएको विषय हो।

यस घटनाले देखाएको यथार्थ के हो भने: जबसम्म भूमिहीन नागरिकलाई कानुनी पहिचान र स्वामित्व दिइदैन, तबसम्म उनीहरू राज्यबाट संरक्षणको अपेक्षा गर्न सक्दैनन्। यसकारण, राज्य र स्थानीय सरकारले यो विषयलाई केवल प्रशासनिक कार्य मात्र नभइ सामाजिक न्यायको दृष्टिकोणले सम्बोधन गर्न जरूरी छ।

## ३.६ खाद्य सुरक्षा

भिन्न परिवारले विभिन्न किसिमका जमिन भोगचलन गर्छन्। यी सबैको मुख्य आयस्ता जमिनबाटै हुने भएकाले यिनको जीविकोपार्जनको साधन पनि जमिन नै हो। यद्यपि, कृषिमा आधारित सबै परिवार वर्षभरि यही उब्जनीमा बाँच्न सक्दैनन्, पुग्दैन। केही भूमिहीन परिवारले कत्ति पनि अन्न उत्पादन गर्न सक्ने अवस्था छैन। शुक्लाफाँटा

नगरपालिकाका परिवारको अवस्था हेर्दा पनि कति कुरा अड्कल लगाउन सकिन्थ्यो । १२ वडाका ७१ समुदायका ७ प्रतिशत परिवारलाई मात्र आफ्नो उत्पादनले १२ महिना निर्धक्क खाएर बिक्री गर्न पुग्छ । आफ्नै उत्पादनले खान नपुग्ने परिवारले अरूको जमिनमा काम गर्ने, अधिया/बटैया, ठेक्का र हुन्डी गरेर खानाको जोहो गर्ने गरेका छन् ।

## ३.६.१ खाद्य पर्याप्तता

शुक्लाफाँटा नगरपालिकाको कुल ११,६०४ परिवारलाई खाद्यान्न पर्याप्तताको आधारमा वर्गीकरण गर्दा ३ महिना भन्दा कम खाद्यान्न प्राप्त गर्ने २६ प्रतिशत रहेका छन्, ३ देखि ६ महिना भन्दा कम खाद्यान्न प्राप्त गर्ने २६ प्रतिशत रहेका छन्, ७ देखि ९ महिना भन्दा कम खाद्यान्न प्राप्त गर्ने १९ प्रतिशत रहेका छन् र वर्षभरिको खाद्यान्न प्राप्त गर्ने ३४ प्रतिशत रहेका छन् । आफ्नो खेतबारीको उत्पादनबाट खान पुगी बेचबिखन गर्ने परिवारहरू ७ प्रतिशत रहेको देखिएको छ । विपद्को समयमा हुनसक्ने खाद्य अभावलाई परिपूर्ति गर्ने गरी खाद्यान्नको सुरक्षा तथा भण्डारणको लागि संरचनात्मक व्यवस्था गर्नु पर्ने देखिन्छ । शुक्लाफाँटा नगरपालिकाको खाद्यान्न सुरक्षाको अवस्था मध्यम अवस्थामा रहेको पाइन्छ ।

**तालिका नं. ७:** खाद्य सुरक्षाको अवस्था

| क्र.स. | खाद्यान्न उपलब्धताको आधारमा परिवार संख्या विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३ महिनाभन्दा कम खान पुग्ने परिवार | ३०५७ | २६ |
| २ | ४ - ६ महिना खान पुग्ने परिवार | ३०५९ | २६ |
| ३ | ७ - ९ महिना खान पुग्ने परिवार | २१९१ | १९ |
| ४ | १० - १२ महिना खान पुग्ने परिवार | ३९८५ | ३४ |
| ५ | आफ्नो खेतबारीको उत्पादनबाट खान पुगेर बेचबिखन गर्ने परिवार | ८१२ | ७ |
| **जम्मा** | | **११,६०४** | **१००** |

*स्रोत: शुक्लाफाँटा नगरपालिकाको वस्तुगत विवरण, २०७९*

## ३.७ विपन्नताको अवस्था

शुक्लाफाँटा नगरपालिकामा बसोबास गरिरहेका घर परिवारहरूको विपन्नता स्तरीकरणका आधारमा जनसंख्याको विवरण प्रस्तुत गरिएको छ । यहाँ विपन्नता स्तरीकरण गणना गर्दा आफ्नो उत्पादनले ३ महिना पनि खान नपुग्ने अतिविपन्न,

आफ्नो उत्पादनले ३ देखि ६ महिना खान पुग्ने गरिब, आफ्नो उत्पादनले ७ देखि ९ महिना खान पुग्ने मध्यम र आफ्नो उत्पादनले १० देखि १२ महिना या खाद्यान्न बिक्रि गर्नेलाई सम्पन्नको समूहमा वर्गीकरण गरिएको छ । त्यसका अनुसार अति गरिबको जनसंख्या कुल जनसंख्याको २६.३ प्रतिशत रहेको छ। त्यसैगरी खाद्यान्न उपलब्धताको आधारमा विपन्नता स्तरीकरण गरिएको हो ।

शुक्लाफाँटा नगरपालिकाले तयार गरेको वस्तुगत विवरणले १६.१ प्रतिशत अति विपन्न, १५.९ विपन्न, १२.४ मध्यम र ५५.६ प्रतिशत सम्पन्न रहेका देखाउँछ।

**तालिका नं. ८:** विपन्नताको अवस्था

| वडा नं. | अति गरिब प्रतिशत | गरिब प्रतिशत | मध्यम प्रतिशत | सम्पन्न प्रतिशत |
|---|---|---|---|---|
| १ | १७.३ | ७.६ | ८.७ | ६६.३ |
| २ | ७.८ | ६.६ | ३०.२ | ५५.४ |
| ३ | १०.२ | २८.४ | ५.५ | ५५.९ |
| ४ | १२.३ | ८.६ | ८.८ | ७०.३ |
| ५ | १५.७ | १६.५ | १६.६ | ५१.३ |
| ६ | २०.० | १४.५ | १२.५ | ५३.३ |
| ७ | २२.६ | २२.३ | १८.९ | ३६.२ |
| ८ | २२.५ | २२.७ | १०.६ | ४४.२ |
| ९ | २१.० | २१.७ | ५.९ | ५१.५ |
| १० | १९.७ | २५.३ | ६.६ | ४८.५ |
| ११ | १६.५ | २९.० | ७.० | ४७.५ |
| १२ | १३.१ | १७.१ | ८.३ | ६१.५ |
| **जम्मा** | **२६.९** | **१२.३** | **८.४** | **५२.४** |

*स्रोतः शुक्लाफाँटा नगरपालिकाको वस्तुगत विवरण, २०७९*



# खण्ड : ४

## भूउपयोग तथा जलवायु परिवर्तनले भूमि-कृषि क्षेत्रमा पारेको प्रभाव

शुक्लाफाँटा नगरपालिका, कञ्चनपुरमा भूउपयोग र जलवायु परिवर्तनले भूमि-कृषि क्षेत्रमा गहिरो प्रभाव पारेको देखिन्छ। पछिल्लो समय कृषि योग्य जमिन बिस्तारै बस्ती, सडक र संरचना निर्माणमा परिवर्तन हुँदै गएको छ, जसले खाद्य सुरक्षामा प्रत्यक्ष असर पारिरहेको छ।

अर्कोतर्फ, जलवायु परिवर्तनका कारण बाढी, डुबान र जमिन कटान जस्ता समस्या बढ्दै गएका छन्, जसले कृषकको लगानी डुबाउने र खाद्य उत्पादनमा अस्थिरता ल्याउने गरेको छ। किसानहरू परम्परागत बालीबाट पछी हटेर नगदे बालीतर्फ मोडिन थालेका छन्, तर जलवायुको अनिश्चितताले नयाँ चुनौती थपिएको छ।

भूमिको अनुशासित र दीगो उपयोग तथा जलवायु परिवर्तन अनुकूलमा कृषि अभ्यासको विकास अत्यावश्यक भइसकेको छ। स्थानीय सरकार, कृषक र सरोकारवालाबीच सहकार्य गरी भूमि-कृषि नीतिहरू संशोधन र कार्यान्वयन नगरेसम्म दीगो कृषि विकास सम्भव देखिँदैन। यस्तो अवस्था दीर्घकालीन खाद्य सुरक्षाका लागि खतरा बन्न सक्छ।

### ४.१ भूमिको वर्गिकरण र उपयोग

शुक्लाफाँटा नगरपालिकामा भूमिको वर्गिकरण र उपयोग विभिन्न प्रयोजनका लागि गरिएको पाइन्छ। यहाँको भू-उपयोग प्राथमिक रूपमा कृषिमा आधारित रहेको छ। नगरपालिकाको ठूलो हिस्सा उब्जाउ जमिनले ढाकिएको छ, जसले स्थानीय जनताको मुख्य जीविकोपार्जनको आधार कृषि बनाएको छ। धान, गहुँ, मकै, तोरी लगायतका बालीहरू प्रमुख रूपमा खेती गरिन्छ।

कृषिको अलावा, वन क्षेत्र पनि महत्वपूर्ण भाग ओगटेको छ, जसले जैविक विविधता संरक्षणमा सहयोग पुऱ्याएको छ। शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज यस क्षेत्रमा रहेको हुँदा चरन क्षेत्र, संरक्षित क्षेत्र र सामुदायिक वनहरू पनि छन्। शहरीकरण बढ्दै गएकाले केही भूभाग आवासीय र व्यवसायिक प्रयोजनमा परिवर्तन हुँदै गएको देखिन्छ। सडक, विद्यालय, स्वास्थ्य चौकी, सरकारी कार्यालय र अन्य सार्वजनिक संरचनाहरूको विकाससँगै गैरकृषि प्रयोजनमा भूमि उपयोग बढ्दो छ।

शुक्लाफाँटा नगरपालिकाको कुल क्षेत्रफल १६२.७५ वर्ग किलोमिटर रहेको छ, जसमा विभिन्न प्रयोजनका लागि भू-उपयोग भएको पाइन्छ। कुल क्षेत्रफलमध्ये ५.१७ प्रतिशत अर्थात् ८.४२ वर्ग कि.मी. क्षेत्रफल कृषि प्रयोजनका लागि उपयोग हुने खनिज योग्य जमिन हो। यो क्षेत्र मुख्यतया कृषि उत्पादनका लागि प्रयोग हुँदै आएको छ।

त्यसैगरी, बाँकी ९४.८३ प्रतिशत अर्थात् १५४.३३ वर्ग कि.मी. जमिन अन्य प्रयोजनमा उपयोग भएको छ। यसमा नदी, नाला, तालतलैया, बस्तीकालीन आवासीय क्षेत्र, वन क्षेत्र, सडक आदिमा उपयोग भएको छ। नगरपालिकामा औद्योगिक क्षेत्रको उल्लेखनीय विकास नभएको भए तापनि, आवासीय तथा संरचना निर्माणको क्रम बढ्दो छ। साथै, प्राकृतिक स्रोतहरूको संरक्षणका हिसाबले पनि नदी, ताल र वन क्षेत्रहरूको भूमिका महत्पूर्ण देखिन्छ।

नगरपालिकाको भू-उपयोगमा कृषि, बस्ती विकास, वन संरक्षण र सडक संरचना सबैको सन्तुलित योगदान देखिन्छ। यद्यपि भविष्यमा भूमि उपयोग योजनालाई अझ व्यवस्थित गर्दै, औद्योगिक क्षेत्रको विकास र वातावरण संरक्षणको समन्वयमा योजना बनाउनु आवश्यक देखिन्छ।

## ४.२ भूउपयोगको संस्कार, संकृति तथा सामुदायिक चालचलन

शुक्लाफाँटा नगरपालिका सामाजिक, सांस्कृतिक र जैविक विविधतायुक्त नगरपालिका हो। यहाँका भू-उपयोगका परम्परागत अभ्यासहरू समुदायको जीवनशैली, संस्कार, संस्कृति र सामूहिक सहकार्यसँग प्रत्यक्ष रूपमा जोडिएका छन्। भू-उपयोग केवल भौगोलिक संरचना वा आर्थिक क्रियाकलाप मात्र नभई सामाजिक सम्बन्ध, धार्मिक विश्वास, परम्परा र सामुदायिक सहभागितासँग समेत गहिरो सम्बन्ध राख्दछ।

### भू-उपयोगको सामाजिक संरचना र चलन

शुक्लाफाँटाको भू-उपयोग परम्परागत कृषिमा आधारित रहेको पाइन्छ। थारू समुदाय यहाँको प्रमुख जातीय समूह हो, जसको संस्कार, रीतिरिवाज र सामाजिक अभ्यासले स्थानीय भू-उपयोगलाई आजसम्म पनि प्रभाव पारिरहेको छ। कृषि कार्य सँगसँगै वन, चरण भूमि, नदी-नाला र तालतलैयाको सामूहिक उपयोग गर्ने परम्परा छ।

जमिनलाई देवीस्वरूप मानी थारू समुदायले खेतीपाती सुरू गर्नु अघि विशेष पूजाआजा (जस्तै "परम्बा पँध्रौं", "अष्टमी" पूजा) गर्छन्। यस्ता परम्परागत चाडपर्वहरूले भूमिको सम्मान र संरक्षणप्रतिको गहिरो भाव झल्काउँछ। साथै भूमिमा भएको उत्पादन पुजा

नगरी सेवन गर्दैनन् । त्यसैले भूमि-कृषि किसानहरूको संस्कार संकृतिसँग जोडिएको छ ।

## सामुदायिक वन र चरन क्षेत्रको उपयोग

शुक्लाफाँटा नगरपालिका सामुदायिक वनको सशक्त अभ्यास भएको क्षेत्र हो । यहाँका समुदायहरूले वन क्षेत्रलाई सामूहिक रूपमा व्यवस्थापन गर्ने परम्परा विकास गरेका छन् । दाउरा, घाँस तथा जडीबुटी वनस्पति जस्ता स्रोतहरूको साझा उपयोग समुदायबीच आपसी समझदारीमा आधारित हुन्छ ।

चरन भूमि पनि सामूहिक स्रोतका रूपमा प्रयोग गरिन्छ । गाई, भैंसी, बाख्रालगायत पशुपालन परम्परागत जीविकाको हिस्सा भएकाले घाँसपात संकलन र चरन व्यवस्थापन सामूहिक सहकार्यमा आधारित छ । चरन क्षेत्रलाई समुदायले प्राकृतिक सम्पत्तिका रूपमा हेरिराखेको पाइन्छ ।

## जल स्रोत र तालतलैयाको धार्मिक तथा उपयोगितामूलक महत्व

शुक्लाफाँटामा नदी, तालतलैया तथा साना जलाशयहरूको स्थानीय जीवनशैलीमा विशेष महत्व छ। यी क्षेत्रहरूमा माछा मार्ने, पानी उपयोग गर्ने, तथा धार्मिक अनुष्ठान गर्ने चलन प्रचलनमा छ । थारू समुदायमा जलसँग सम्बन्धित पूजाआजा विशेष स्थानमा रहन्छ, जसले भू-उपयोगलाई आध्यात्मिक स्वरूप पनि दिएको छ ।

## भूमि स्वामित्व र वितरणको सामाजिक संरचना

शुक्लाफाँटा क्षेत्रमा परम्परागत रूपमा जमीन, थर र परिवारको संरचनाको आधारमा बाँडफाँट हुने गरेको देखिन्छ। थारू समुदायमा खासगरी पुर्ख्यौली जग्गाको सन्तानमा बाँडफाँट हुने परम्परा छ । पछिल्लो समय भने जमिनको खरिदबिक्री बढेको र गैरआवासीय व्यक्तिहरूको प्रवेशले परम्परागत प्रणालीमा परिवर्तन ल्याएको छ ।

## आधुनिकरण र भू-उपयोगमा परिवर्तन

हालको समयमा शहरीकरण, जनसंख्या वृद्धि, प्रविधिको विकास र सरकारी नीति-कार्यक्रमहरूको प्रभावले भू-उपयोगमा महत्वपूर्ण परिवर्तन ल्याएको छ । कृषि योग्य जमिनमा आवासीय र व्यापारिक संरचना निर्माण बढ्दो छ । यसले परम्परागत अभ्यासमा केही चुनौतीहरू ल्याएको भए पनि, स्थानीय समुदाय अझै पनि आफ्नो संस्कृति र सामुदायिक मूल्यलाई जोगाइरहेका छन्। शहरी विस्तारका कारण खेतीयोग्य

जमिनमा बसोबास र संरचना निर्माण भएको छ। त्यसैले परम्परागत सामूहिक उपयोग प्रणाली क्रमशः व्यक्तिवादी बन्ने खतरा देखिएको छ।

### चालचलन र सामाजिक सहकार्य

शुक्लाफाँटा नगरपालिकामा आपसी सहयोग, श्रमदान र सामूहिक निर्णय प्रक्रियाको परम्परा अझै पनि जीवन्त छ। समुदायमा देखिने "धान काट्ने मेलापात", "धान रोपाइँ मेलो", र "घर बनाउँदा गाउँले जुट्ने" चलनहरूले सामाजिक भाव र सहकार्य झल्काउँछन्।

## ४.३ भूमि-कृषि क्षेत्रमा जलवायु परिवर्तनले पारेको प्रभाव

जलवायु परिवर्तनले नेपालजस्ता कृषि-प्रधान देशमा विविध असरहरू पारिरहेको छ। यसले विशेष गरी ग्रामीण क्षेत्रमा भूमिको उपयोग र कृषि उत्पादन प्रणालीमा प्रत्यक्ष प्रभाव पारिरहेको पाइन्छ। शुक्लाफाँटा नगरपालिका पनि यस्तो प्रभावको अपवाद छैन। यहाँको भूमिउपयोग परम्परागत रूपमा कृषि, वन, चरन र जल स्रोतमा आधारित रहेकाले जलवायु परिवर्तनका कारण देखिएका परिवर्तनहरू यथार्थमै गम्भीर छन्।

### वर्षा प्रणालीमा अनियमितता र बाली सिजनमा असर

पहिला नियमित र अनुमानयोग्य ढाँचामा हुने वर्षा अहिले अनियमित बन्दै गएको छ। कहिले अत्यधिक वर्षा भएर बाली डुबाउने, त कहिले लामो समयसम्म पानी नपरेर बाली सुक्ने अवस्था आउने गरेको छ। उदाहरणस्वरूप, धान रोप्ने समयमा पानी नपर्दा खेत बाँझै बस्ने, गहुँको समयमा अनियमित वर्षा भएर अन्न बालीमै कुहिने समस्या बढेको छ। यस्तो अस्थिर मौसमले परम्परागत बाली चक्रमा गडबडी ल्याएको छ, जसले कृषकको उत्पादन क्षमतामा असर गरेको छ।

### तापक्रम वृद्धि र नयाँ कीरा-रोगको प्रकोप

शुक्लाफाँटामा पछिल्लो दशकमा गर्मीको अवधि लम्बिएको छ, जसका कारण बालीमा लाग्ने कीरा र रोगको प्रकृति पनि परिवर्तन भएको छ। पहिले नदेखिएका किरा र रोगहरू अहिले नियमित रूपमा देखिन थालेका छन्। धानमा ब्लास्ट, गहुँमा रतुवा, तरकारीमा एफिड्स, क्याटरपिलरजस्ता कीरा लाग्ने क्रम बढेको छ। यस्तो परिवर्तनले कीटनाशकको प्रयोग बढाएको छ, जसले वातावरण र माटोमा दीर्घकालीन असर पार्ने सम्भावना बढाएको छ।

## सिँचाइको चुनौती र जल स्रोतमा गिरावट

शुक्लाफाँटा नगरपालिका जलस्रोतको दृष्टिकोणले समृद्ध देखिए तापनि जलवायु परिवर्तनका कारण इनार, नहर, कुलो र साना खोलानालामा पानीको मात्रा उल्लेखनीय रूपमा घटेको छ । गर्मीयाममा खोला सुक्ने, इनारमा पानीको तह घट्ने, तालतलैया सुक्ने समस्याले सिँचाइमा निर्भर बाली खेती असम्भवजस्तै हुन थालेको छ । यसले भूमिको उपयोग क्षमतामा गिरावट ल्याएको छ ।

## भूक्षय र बाढीको असर

एकातिर अनियमित र अत्यधिक वर्षा, अर्कोतिर वन विनाशका कारण नगरपालिकाका केही वडामा बाढी र भूक्षयको समस्या बढ्दै गएको छ । जब सतहको मलिलो माटो बगेर जान्छ, त्यसपछि बाली लगाउन असम्भव हुने अवस्था आउँछ । यस्ता जमिनहरू क्रमशः बन्जर बन्दै गएका छन् । यसले भूमिको दिगोपनमा गहिरो असर पारिरहेको छ ।

## कृषि उत्पादनमा गिरावट र खाद्य सुरक्षामा असर

जलवायु परिवर्तनले सिर्जना गरेका विविध समस्याहरूको परिणामस्वरूप शुक्लाफाँटामा खाद्यान्न उत्पादनमा उल्लेखनीय गिरावट आएको छ । विगतमा एक परिवारलाई वर्षभरि पुग्ने अन्न उत्पादन गर्ने किसान अहिले बजारमा किन्नुपर्ने अवस्थामा पुगेका छन् । यसले खाद्य सुरक्षाको संकट निम्त्याएको छ । विशेषगरी साना किसान, दलित, महिला र सुदूर क्षेत्रका कृषकहरूमा यो असर अझ गहिरो देखिन्छ ।

## सामाजिक चालचलनमा परिवर्तन र वैदेशिक रोजगारीको प्रवृत्ति

कृषिमा आश्रित परिवारको आम्दानी घटेसँगै वैदेशिक रोजगारीतर्फको आकर्षण बढेको छ । युवाहरू खेती छाडेर विदेश जाने प्रवृत्तिमा लाग्दा स्थानीय कृषि प्रणाली थप कमजोर हुँदै गएको छ । महिलामैत्री कृषि प्रणालीको आवश्यकता बढेको छ, तर जलवायु परिवर्तनले कामको बोझ अझ बढाइरहेको छ ।

## स्थानीय सरकार र समुदायको प्रयास

यस्ता गम्भीर चुनौतीहरूका बीच शुक्लाफाँटा नगरपालिकाले केही सकारात्मक पहलहरू गरेको छ । जस्तैः जल संरक्षणका पोखरी र ट्याङ्की निर्माण, मौसमी बालीको सिफारिस र किसान प्रशिक्षण र सचेतना कार्यक्रम सञ्चालन गरेको छ । त्यस्तै सहकारी

र सामुदायिक वनमार्फत स्रोत व्यवस्थापन र सिँचाइ प्रणालीमा प्रविधिको प्रयोग (जस्तै ड्रिप सिँचाइ) बढाउँदै लगेको छ ।

## निष्कर्ष

शुक्लाफाँटा नगरपालिकामा जलवायु परिवर्तनले भूमि र कृषि क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा गहिरो असर पारेको छ । उत्पादन घट्नुले खाद्य असुरक्षा, भूमिको क्षय, र सामाजिक संरचनामा अस्थिरता ल्याइरहेको छ । यस्ता चुनौतीहरूको सामना गर्न दीर्घकालीन रणनीति, स्थानीय अनुकूलन नीति, र जनसहभागिता आवश्यक छ ।

परम्परागत ज्ञान र आधुनिक प्रविधिको समन्वय गर्दै भूमि-कृषि प्रणालीलाई दिगो बनाउनु नै जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्ने प्रभावकारी उपाय हुनेछ । नगरपालिकाको नेतृत्व, समुदायको सहकार्य, र नीति निर्माताको दीर्घदृष्टिले मात्र शुक्लाफाँटा जलवायु अनुकूल नगर बन्न सक्छ ।



# खण्ड : ५

## कृषि उत्पादन र उपभोगसम्बन्धी विवरण

शुक्लाफाँटा नगरपालिकामा उब्जनीयोग्य जमिनको राम्रो पहुँच, प्रचुर जलस्रोत र समथर भूगोलका कारण खाद्यान्न, तरकारी र फलफूल उत्पादनको राम्रो सम्भावना रहेको छ । नगरक्षेत्रका अधिकांश किसानले धान, गहुँ, मकै, दाल, तरकारी तथा नगदे बालीको उत्पादन गर्दै आएका छन् ।

धान यहाँको प्रमुख खाद्यान्न बाली हो, जसले यहाँका किसानको जीवनस्तरमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । गहुँ र मकै खेतीले वर्षभरको खाद्य सुरक्षामा सहयोग पुऱ्याउँछ । तरकारी खेतीतर्फ कृषकहरूले गोलभैँडा, बोडी, काँक्रो, आलु, प्याज, मुला आदिको खेती गर्दै आएका छन् । विगत केही वर्षदेखि व्यावसायिक तरकारी खेतीतर्फ कृषकहरूको आकर्षण बढ्दो छ, जसले आम्दानीका नयाँ अवसर सिर्जना गरेको छ ।

फलफूलतर्फ केरा, अम्बा, लिची, आँप र सुन्तला जस्ता फलफूल बगैंचाहरू पनि विस्तार भइरहेका छन् । पशुपालन र दुग्ध उत्पादन यहाँको सहायक कृषि क्रियाकलाप हो, जुन परिवारको आहार र आम्दानीसँग जोडिएको छ ।

यहाँको उपभोग अवस्था हेर्दा परिवारले आफ्नो आवश्यकता अनुसार अन्न, तरकारी र दूध उत्पादनबाट नै पूर्ति गर्ने प्रवृत्ति छ, तर चामल, तेल, मसला र केही तरकारी तथा फलफूल भने छिमेकी बजारबाट आयात गर्नुपर्ने अवस्था पनि देखिन्छ ।

यसैले कृषि उत्पादनलाई थप व्यावसायिक र वैज्ञानिक बनाउँदै कृषि सहकारी, भण्डारण सुविधा, प्रशोधन केन्द्र तथा बजार पहुँच विस्तार गर्ने हो भने शुक्लाफाँटा नगरपालिकामा कृषि क्षेत्रले अझै ठूलो आर्थिक सम्भावना बोकेको छ भन्ने देखिन्छ ।

### ५.१ सङ्लग्न कृषिको प्रकार

शुक्लाफाँटा नगरपालिकामा सङ्लग्न कृषिको प्रकार धेरैजसो मिश्रित र पारिवारिक कृषि प्रणालीमा आधारित छ । यहाँको भौगोलिक अवस्था, जलवायु र किसानको आर्थिक क्षमता अनुसार कृषिमा विविधता देखिन्छ ।

**मिश्रित कृषिः** अधिकांश किसानहरूले एउटै खेतमा खाद्यान्न बाली, तरकारी र नगदे बालीसँगै पशुपालन पनि गर्ने चलन छ । यसले परिवारको खानेकुरा, पशुको आहार तथा अतिरिक्त आम्दानीका स्रोतलाई एकैसाथ सन्तुलित राख्न सहयोग पुर्‍याउँछ ।

**परम्परागतदेखि अर्ध-व्यावसायिक कृषिः** धेरै किसान परम्परागत तरिकाले धान, गहुँ, मकै जस्ता बाली लगाउँछन् भने पछिल्लो समयमा केही कृषक तरकारी खेती र नगदे बालीतर्फ अर्ध-व्यावसायिक रूपमा लाग्न थालेका छन् ।

**बहुवर्षीय बगैंचा र नगदे बालीः** केही किसानहरूले आँप, कटहर, अनार, अम्बा, केरा, लिची जस्ता फलफूलका बगैंचा विस्तार गरेका छन् । यसका साथै अदुवा, हल्दी/वेसार र अन्य नगदे बाली पनि किसानले लगाउन थालेका छन् ।

**पशुपालन र दुग्ध उत्पादनः** कृषिसँग पशुपालन पनि सँग्लग्न छ । प्रायः घरपालुवा गाई-भैंसी, बाख्रा तथा कुखुरा पालन गरी परिवारको आम्दानीमा सहयोग पुर्‍याइन्छ ।

**पारिवारीक खेतीः** शुक्लाफाँटा नगरपालिकामा प्रायः किसानहरूले पारिवारिक श्रममा आधारित पारिवारिक खेती गर्दै आएका छन् । धान, गहुँ, तरकारी र फलफूल सँगै पशुपालन पनि गर्ने गरेका छन् । यसले परिवारको खाद्य सुरक्षा, आम्दानी र आत्मनिर्भर जीवनशैलीलाई सुदृढ गर्न महत्वपूर्ण भूमिका खेलेको छ ।

**प्राकृतिक स्रोतमा निर्भरताः** सिंचाइ प्रणाली पूर्णरूपमा विकास भइनसकेको हुँदा धेरैजसो वर्षामा आधारित बाली लगाउने प्रचलन छ । यसरी हेर्दा शुक्लाफाँटाको कृषिमा बहु-आयामिक र सँग्लग्न स्वरूप रहेको पाइन्छ जसले आत्मनिर्भरता र स्थानीय बजारमा आपूर्ति दुवैलाई सघाएको छ ।

## ५.२ कृषि उत्पादन र उपभोग

शुक्लाफाँटा नगरपालिका कञ्चनपुर जिल्लामा पर्ने समथर र उर्वर जमिन भएको क्षेत्र हो । यहाँका किसानहरू प्रायः धान, गहुँ, मकै, दाल जस्ता खाद्यान्न बालीका साथै तरकारी तथा फलफूल पनि उत्पादन गर्छन् । धान यहाँको मुख्य बाली हो र वर्षायाममा ठूलो क्षेत्रमा धान खेती गरिन्छ । मकै र गहुँले खाद्य सुरक्षामा सहयोग पुर्‍याउँछन् भने तरकारी खेतीले पारिवारिक आम्दानीमा सकारात्मक प्रभाव पारेको छ ।

गोलभैंडा, बोडी, काँक्रो, आलु, प्याज आदिको खेती व्यावसायिक रूपमा विस्तार हुँदै गएको छ । आँप, केरा, अम्बा र लिची जस्ता फलफूल खेती पनि क्रमशः बढ्दो छ । पशुपालन जस्तै गाई-भैंसी पालन र कुखुरा पालन पनि कृषिसँगै जोडिएको छ जसले दूध तथा मासुका परिकारमा आत्मनिर्भरता हुने सम्भावना छ ।

यहाँको उपभोग अवस्थामा परिवारले बढी भाग आफ्नै उत्पादनबाट पूर्ति गर्छन् । धान, तरकारी, दूध आदिको आपूर्ति घरमै भए पनि तेल, मसला, दाल तथा केही फलफूल बजारबाट खरिद गर्नुपर्ने अवस्था छ । तर वास्तवीक खेती गर्ने किसानसँग भने जमिन छैन । उनिहरू जमिनमा श्रम गर्छन् । तर आफुलाई खान पुग्ने अन्न भने छैन । ज्यालावनीको भरमा पेट पाल्नु पर्ने बाध्यता कायमै छ ।

कृषि उत्पादनमा सिंचाइ सुविधा, उन्नत बीउ, प्राविधिक सहयोग र बजार व्यवस्थापन अझ सुधार गरिन सकेमा शुक्लाफाँटा नगरपालिकामा कृषि क्षेत्रले गाउँको आर्थिक स्तर उकास्न अझ ठूलो भूमिका खेल्न सक्छ । यहाँको कृषि प्रणाली पारिवारिक श्रममा आधारित मिश्रित खेती प्रणाली भएकाले दिगो र आत्मनिर्भर कृषिलाई प्रवर्द्धन गर्ने सम्भावना प्रचुर छ ।

**तालिका नं. ९:** कृषि उत्पान

| वडा | कृषि उत्पादन | | | | | |
|---|---|---|---|---|---|---|
| | अन्न | तरकारी | दलहन | तेलहन | फलफूल | अन्य |
| १ | धान, गहुँ, मकै जौ | रायो साग, काउली, आलु, खुर्सानी, प्याज, बोडी, करेला, लौका, मुला, गाजर, सिम्ला मिर्ची, पालक, भिन्दी, सिमी, फर्सी, लसुन, धनियाँ, बन्दा, चम्सुर, मेथी, फर्सी | केराउ, चना, मास, मुसुरो | तोरी | आँप, लिचि, अम्बा, केरा, मेवा, नासपाती, कटहर | उखु |
| २ | धान, गहुँ मकै | आलु, बन्दा, प्याज, गोलभेडा, धनियाँ, भेन्टा, रायो, लौका, वन्दा, गाजर, चुकन्दर, फर्सी, खुर्सानी, करेला, भिन्दी | मुसुरो, मास, केराउ | तिल, तोरी | आँप, अम्बा, केरा, कागती, सिताफल, मेवा, भोगटे, अमला, नासपाती, अनार | उखु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | धान, गहुँ, मकै | आलु, बन्दा, काउली, गोलभेडा, प्याज, लसुन, मुला | मुसुरो, केराउ | तोरी | आँप, लिची, केरा, अम्बा, भोगटे, नासपाती अनार | उखु |
| ४ | धान, गहुँ, मकै कोदो | आलु, बन्दा, काउली, प्याज, लसुन, गोलभेडा, खुर्सानी, भेन्टा, बोडी, फर्सी, लौका, चिचिण्डा, सिमी | मुसुरो, मास, केराउ, मुंग | तोरी | आँप, अम्बा, लिची, कागती, निबुवा, मेवा, सिताफल भोगटे | उखु |
| ५ | धान, गहुँ मकै | आलु, बन्दा, काउली, लसुन, प्याज, मुला, रायो साग, धनियाँ | मुसुरो, मास, मुंग | तोरी | आँप, कागती, वयर, अम्बा, कटहर, केरा, लिची | उखु |
| ६ | धान, गहुँ मकै | बनदा, काउली, आलु, मुला, रायो साग, भन्टा, भिन्दी, प्याज, गोलभेडा, ब्रोकाउली, चम्सुर, फर्सी, लौका, घिरौला, काँक्रा, तितेकरेला | मुसुरो, मास, केराउ, मुंग, चना, | तोरी | आँप, लिची, कटहर, आरू, अम्बा, नासपाती, केरा | |
| ७ | धान, गहुँ मकै | आलु, बन्दा, काउली, लसुन, मुला, रायो, धनियाँ, प्याज, काँक्रो, लौका | मसुरो, केराउ, मुंग | तोरी | आँप, अम्बा, केरा, लिची, कटहर, निबुवा | |
| ८ | धान, गहुँ मकै, कोदो | आलु, वन्दा, काउली, लसुन, मुला, रायो, धनियाँ प्याज, मेथी, चमसुर, भिन्दी, खुर्सानी | मुसुरो, चना, केराउ मास | तोरी तिल | आँप, लिची, केरा, अम्बा, निबुवा, कागती, नासपाती, ड्रागन फ्रुट, मेवा आरू | |
| ९ | धान, गहुँ मकै, जौ कोदो | आलु, प्याज, गोलभेडा, लसुन, धनियाँ, भिन्दी, | मुसुरो, मास, चना, | तोरी | आँप, अम्बा, केरा, अनार, मेवा, नासपाती, | उखु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | लौका, फर्सी, बन्दा, काउली, मुला, सिमी, रायो साग, बेसार, करेला, बोडी, गाजर, स्कुस, | केराउ मुंग | | चिली, सिताफल, भोगटे, ड्रागन फ्रुट, बयर | |
| १० | धान, गहुँ र मकै | आलु, बन्दा, काउली, प्याज, गोलभेडा, लौका, फर्सी, रायो साग, लसुन, काँक्रो, भन्टा, बोडी, खुर्सानी, कर्कलो, सिमी, चुकन्दर, गाजार, मेथी, करेला, पालुङ | मास, मसुरो, चना, केराउ मुंग | | आँप, अम्बा, केरा आरू, सिताफल, अनार कटहर | उखु |
| ११ | धान, गहुँ | आलु, काउली, प्याज, मुला, धनियाँ, लौका, भिन्दी, करेला, काँक्रो, बन्दा, लसुन, रायो साग, फर्सी, लौका, बोडी, सिमी, खुर्सानी, पालक, गाजर, भन्टा, गोलभेडा, अदुवा | मुसुरो, मुंगा, चना, केराउ | तोरी | आँप, केरा, कटहर, अम्बा, मेवा, सिताफल निवुवा, लिची नासपाती | उखु |
| १२ | धान, गहुँ मकै | आलु, काउली, भन्टा, करेला, लौका, कर्कलो, रायोसाग, प्याज, लसुन, खुर्सानी, गोलभेडा, काँक्रो, फर्सी, मुला, पालुङ बोडी, सिमी | मुसुरो, मास, मुंगा, केराउ, चना | तोरी तिल | आँप, अम्बा, लिची, भोगटे, निवुबा, केरा, मेवा, कटहर, सिताफल, कागती, अनार, अंगुर, नासपाती, अमला | उखु |

*स्रोत: समुदाय तहमा गरिएको नक्साङ्कन, २०८१*

# खण्ड : ६

## मुख्य सवाल, सुझाव र निष्कर्ष

### ६.१ मुख्य सवाल

सबैभन्दा पहिला, जग्गाको स्वामित्व प्रमाणिकरण र नक्सा प्रशासनमा अस्पष्टता छ, जसले किसान र स्थानीय बासिन्दाहरूलाई आफ्नो जमीनको अधिकार सुनिश्चित गर्न कठिनाइ पुऱ्याइरहेको छ । धेरै परिवारहरू अझै कित्ताकाट, पुर्जा वितरण, नामसारी जस्ता प्रक्रियामा अल्झिएका छन् । दोस्रो ठूलो सवाल भू-उपयोगको असंतुलन हो। खेतीयोग्य जमिन बिस्तारै आवासीय वा अन्य व्यापारिक प्रयोजनमा परिवर्तन हुँदै गएको छ, जसले खाद्य सुरक्षामा पनि असर पारिरहेको छ । तेस्रो, भूमिहीन तथा सीमान्तकृत समुदायको भूमि पहुँचको सवाल अझै जटिल छ। त्यस्तै गरी आरक्ष पीडितहरूको समस्या पनि विकराल छ ।

### भूमिहीनता

पहाडी क्षेत्रबाट बसाइँ सर्ने क्रमको ठूलो प्रभाव शुक्लाफाँटा नगरपालिकामा परेको छ । जसमध्ये ठूलो सङ्ख्याका मानिस आफू भूमिहीन/सुकुमबासी भन्दै नदी/जङ्गल छेउछाउ बसेका वर्षौं भइसकेको छ । ठाउँ/ठाउँमा बसेका उनीहरूलाई न नगरपालिकाले भूमिहीन होइनौ भनेर प्रमाणित गर्न सकेको छ न त उनीहरूका लागि आधारभूत आवश्यकता नै पूर्ति गर्न सकेको छ । त्यसैले हिउँदमा ठण्डी छिर्ने र वर्षामा पूरै पानी चुहिने झुपडीहरूमा जिन्दगी बिताउनेको सङ्ख्या घट्न सकेको छैन ।

विशेषगरी यस्ता बस्तीमा ज्येष्ठ नागरिक, अशक्त र महिला बढी देखिने गरेका छन् । पुरूषहरू कमाउन बाहिर जाने भएकाले पनि भूमिहीनहरूका बस्ती पूरै अभावयुक्त देखिन्छ । कतिपय यस्ता बस्तीलाई राजनीतिक दलहरूकै संरक्षण प्राप्त छ भने यहाँ बस्नेहरू आफूलाई राजनीतिक दलहरूले भोट बैङ्कका रूपमा मात्र प्रयोग गरेका गुनासो गर्छन् ।

शुक्लाफाँटा नगरपालिकाको तथ्यांक अनुसार भूमिहीन सुकुमबासीको सङ्ख्या ८ सय २८ छ । त्यस्तै भूमिसम्बन्धी समस्या समाधान आयोगले संकलन गरेको तथ्यांक अनुसार भूमिहीन दलित र भूमिहीन सुकुमबासी गरी ३ सय ६३ परिवार छन् ।

### सुझाव

ऐनले आफ्नो क्षेत्रका बासिन्दाको अवस्था पहिचान गर्ने र उनीहरूको व्यवस्थापनको जिम्मासमेत स्थानीय सरकारलाई दिएको छ । अहिले भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउन काम गरिरहेको भूमिसम्बन्धी समस्या समाधान आयोगले पनि भूमिहीनको तथ्याङ्क स्थानीय तहसँग समन्वय गरेरै लिने हो । त्यसैले नगरपालिकाले नै को भूमिहीन हो र को होइन भन्ने पहिचान गर्नुपर्छ । र, जो भूमिहीन हो उसलाई नियमानुसार जमिन उपलब्ध गराउन पहलकदमी लिनुपर्छ ।

### आरक्षपीडित

यो नगरपालिकाको मुख्य समस्यामध्ये एउटा आरक्षपीडितको ठूलो सङ्ख्या पनि हो । शुक्लाफाँटा आरक्ष विस्तारका क्रममा जग्गा धनी पुर्जा हुनेलाई मुआब्जा दिइए पनि ऐलानीमा बसेका पुर्जाबिहीन सयौँ परिवार क्षतिपूर्ति पाउनबाट वञ्चित रहँदै आएका छन् । यस्ता पीडितले वर्षौँदेखि बारम्बार आन्दोलन गर्दै आए पनि उनीहरूका माग पूरा भएका छैनन् । यसबारे अध्ययन गर्न र सुझाव दिन भनेर ३२ वटा समिति/आयोग पनि गठन भए तर अहिलेसम्म पनि करिब ६ सय परिवारको समस्या समाधान हुन बाँकी छ ।

### सुझाव

नगरपालिकाले अहिलेसम्म गठित विभिन्न समिति/आयोगका निष्कर्षका आधारमा वास्तवमै सहयोग उपलब्ध गराउनुपर्ने परिवार पहिचान गर्नुपर्छ । अनि उनीहरूलाई कस्तोखालको सहयोग उपलब्ध गराउने र त्यो कहाँबाट कसरी प्राप्त गर्ने भन्नेबारे निष्कर्ष निकाल्नुपर्छ । यो काममा भूमि अधिकार मञ्च तथा सामाजिक न्यायको क्षेत्रमा क्रियासिल संघसंस्थाले सघाउनुपर्छ । यसपछि आफूले सक्ने काम र सहयोग नगरपालिकाले गर्ने र नसक्ने वा हैसियत नपुग्ने कामका लागि भने प्रदेश र सङ्घमा सिफारिस गर्नुपर्छ ।

### ऐलानी

मानिस बसिरहेका छन् तर उक्त जग्गामा कानुनी स्वामित्व भने छैन । किसान खेती गरिरहेका छन् तर सोही जग्गा आफ्नो भने हैन । शुक्लाफाँटामा यस्तो जमिन कमाउने

अव्यवस्थित बसोबासीको संख्या ११ हजार ८ सय ५४ छ ।[५] यस्तो अवस्थामा एकातिर जमिनको भरपुर सदुपयोग हुन सकेको छैन भने अर्कोतर्फ पालिकाले पनि त्यसबाट राजस्व असुल गर्न पाइरहेको छैन । जमिन उपयोगमा पनि आउने तर न उपयोग गर्नेले त्यसप्रति अपनत्व ग्रहण गर्ने न त स्थानीय सरकारले नै त्यसबाट लाभ लिन सक्ने अवस्थाले चौतर्फी घाटा पुगिरहेको छ ।

## सुझाव

सर्वप्रथम पालिकाको पहलमा पालिकाभर नापी गरेर जग्गाको प्रकार छुट्याइनुपर्छ । त्यसपछि ऐलानी जमिन जति आउँछ त्यो स्थानीयलाई उपयोग गर्न दिएर हुन्छ वा अन्य प्रयोजनमा लगाउन सकिन्छ, लगाउनुपर्छ । प्रकार छुट्टिसकेपछि यस्तो जग्गामा खेती गर्न उत्प्रेरित गर्ने र सघाउने कार्यका लागि भूमि अधिकार मञ्च तथा सामाजिक संघसंस्थाहरूले आवश्यक सहयोग पुऱ्याउनुपर्छ ।

## बाढी

शुक्लाफाँटा नगरपालिकामा सामान्य पानी पर्दा पनि ताण्डव देखाउँदै आउने बाढीले न बाली लगाएको जमिन भन्छ न त बस्ती नै भन्छ । बर्सेनि आउने बाढीले जमिन कटान, पठान र डुबान गर्ने कार्य यहाँका लागि सामान्य भइसकेको छ । त्यसैले बेला न कुबेला बाढी भित्र्याउने यहाँका नदीहरू नगरको पिलोका रूपमा चिनिएका छन् । बाढीकै कारण अहिले पनि बनरा नदि किसारमा भूमिहीनहरू विचल्ली अवस्थामा छन् ।

## सुझाव

बाढी नियन्त्रणसम्बन्धी एउटा गुरूयोजना बनाउनु उचित हुन्छ । जसमा बाढी नियन्त्रणका लागि तटबन्ध बनाउने, खोला च्याप्ने, नदीको पानीलाई सिँचाइ कार्यमा प्रयोग गर्ने तथा पोखरीहरू निर्माण गरी माछा पालन जस्ता बहुआयामिक फाइदाका कामहरू समेट्नुपर्छ । यस्तो योजना बनाइसकेपछि त्यसका लागि पालिका, प्रदेश र सङ्घीय सरकारलाई गच्छेअनुसारको बजेट छुट्याउन दबाब दिनुपर्छ । यसमा यो क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूलाई पनि आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउन प्रतिबद्ध गराउनुपर्छ ।

---

[५] भूमिसम्बन्धी समस्या समाधान आयोग, २०८२

## भूउपयोग

शुक्लाफाँटा नगरपालिकामा भूउपयोगको सवाल पछिल्लो समय गम्भीर बन्दै गएको छ। पहाडी क्षेत्रबाट बसाइँसराई भएर आएका परिवारहरूले नदी र जङ्गल आसपासको भूमि अनियमित रूपमा उपयोग गरिरहेका छन्। कतिपय क्षेत्रमा कृषि योग्य जमिनमा पनि बस्ती विस्तार हुँदा कृषि उत्पादनमा गिरावट आएको छ भने बाढी तथा जलवायुजन्य जोखिमसमेत बढेको छ। भूमि वर्गीकरण नहुँदा भूमिको जथाभागी प्रयोग बढेको छ ।

## सुझाव

नगरपालिकाले भूउपयोग क्षेत्र बर्गिकरण सहित भूउपयोग योजना तर्जुमा गरी कृषि, आवास, उद्योग, वनजङ्गल र सार्वजनिक लगायत दश क्षेत्रमा छुट्टाछुट्टै प्रयोगका लागि व्यवस्थापन गर्नुपर्छ। भूमिहीन परिवारलाई सुरक्षित र व्यवस्थित पुनर्वास गरी जोखिमयुक्त क्षेत्रमा बसोबास नगर्ने वातावरण बनाउनुपर्छ। उर्वर जमिनलाई कृषि उत्पादनमा मात्र प्रयोग गर्न प्रोत्साहन गर्नुपर्छ। जथाभावी प्लटिङ र अव्यवस्थित बस्ती विस्तार रोक्न सख्त कानुनी व्यवस्था गर्न जरूरी छ। भूउपयोग नीतिलाई स्थानीय विकास योजनासँग जोड्दै दीर्घकालीन पूर्वाधार विकास तथा वातावरणीय संरक्षणमा समेत ध्यान दिनुपर्छ।

## जलवायु परिवर्तनको असर

शुक्लाफाँटा नगरपालिकामा जलवायु परिवर्तनका कारण बाढी, डुबान, कटान र असिनापानीजस्ता चरम मौसमी घटनाहरू बारम्बार हुने गरेका छन्। असिनापानी र अत्यधिक वर्षाले किसानको खेतीबाली नष्ट हुने, उत्पादन घट्ने र खाद्य सुरक्षामा चुनौती थपिने समस्या देखिएको छ। नदी किनार क्षेत्रको कटानले बस्ती र कृषि भूमि दुबै जोखिममा परेको छ। सुख्खा अवधिमा पानीको स्रोत सुक्ने र बाढी आउँदा जनधनको क्षति हुने समस्या पनि उत्तिकै छ। विशेषगरी महिला तथा विपन्न, भूमिहीन र सुकम्बासी परिवारमा यसको असर झनै बढी परेको छ।

### सुझाव

नगरपालिका स्तरबाट दीर्घकालीन जलवायु उत्थानशील योजना आवश्यक छ। पहिलो, बाढी र कटान नियन्त्रणका लागि नदी तटबन्ध, ग्याबियन पर्खाल र जैविक प्रविधि

प्रयोग गरी जोखिम कम गर्नुपर्छ। दोस्रो, जलवायु-स्मार्ट कृषि प्रणाली जस्तै सिँचाइ विस्तार, मौसमअनुकूल बीउ प्रयोग, मल-जैविक तरिका अपनाउन प्रोत्साहन गर्नुपर्छ। तेस्रो, जोखिम क्षेत्रमा बसोबास गर्ने परिवारलाई सुरक्षित स्थानमा पुनःस्थापना गरी आवास र पूर्वाधारको पहुँच विस्तार गरिनुपर्छ। साथै, विपद् पूर्वसूचना प्रणाली, स्थानीय चेतना अभिवृद्धि र समुदायको सक्रिय सहभागिता सुनिश्चित गरेर मात्रै दीर्घकालीन रूपमा जलवायु परिवर्तनको असर घटाउन सकिन्छ।

## ६.२ निष्कर्ष

शुक्लाफाँटा नगरपालिकाको भूपरिवेश सामाजिक, ऐतिहासिक र वातावरणीय रूपमा जटिल र बहुआयामिक छ। यस क्षेत्रमा भूमि, नागरिक जीवनको मेरूदण्ड भए तापनि जमिन स्वामित्व, पहुँच र व्यवस्थापनमा गम्भीर असमानता देखिन्छ। थारू, दलित, सुकुम्बासी, आरक्ष पीडित र अन्य सीमान्तकृत समुदायहरू पुस्तौंदेखि जमिनमा निर्भर भए पनि उनीहरू स्वामित्वबाट बञ्चित छन्, जसले उनीहरूलाई सरकारी सेवा, पुनर्वास, कृषि ऋण, राहत तथा पुनर्स्थापनामा पहुँचविहीन बनाएको छ।

भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बस्तीको समस्या समाधान गर्न पटक-पटक आयोग बने तापनि पुनःस्थापनाको ठोस परिणाम अझै नदेखिनु गम्भीर चुनौती हो।

लैङ्गिक दृष्टिले हेर्दा महिलाको नाममा जमिन स्वामित्वको अवस्था अझै कमजोर छ। परम्परागत पितृसत्तात्मक संरचना र कानुनी ज्ञानको कमीका कारण महिलाहरूको नाममा जमिन दर्ता न्यून छ। यद्यपि, सरकारद्वारा जग्गा दर्तामा दस्तुर छुट दिने नीति ल्याइए पनि व्यवहारमा सबै महिला, विशेष गरी सीमान्तकृत वर्गका महिलाहरू त्यसबाट लाभान्वित हुन सकेका छैनन्।

आरक्ष विस्तार र निकुन्ज व्यवस्थापनका कारण विस्थापित भएका समुदायहरू अझै पनि बिचल्लीमा छन्। ३२ वटा आयोग गठन भएर पनि विस्थापित परिवारहरूका लागि उचित पुनःर्स्थापना र वैकल्पिक जीविकोपार्जनका अवसर सुनिश्चित हुन सकेका छैनन्। बाढी, डुबान र नदी कटान जस्ता प्राकृतिक विपद्ले हरेक वर्ष सयौं परिवारलाई पुनः विस्थापित बनाउँदै गएको छ ।

खेतबारीको उब्जनीले सवै परिवारलाई वर्षभरि पुग्दैन। करिब ५० प्रतिशत भन्दा बढी परिवारले ६ महिना भन्दा कम खाद्यान्न आफ्नो उत्पादनबाट मात्र पाउँछन् र बाँकी

जीविकोपार्जनका लागि अधियाँ, ज्याला मजदुरी र श्रम बेच्नुपर्ने बाध्यता छ। यसले खाद्य सुरक्षा र आत्मनिर्भरतालाई कमजोर बनाएको छ।

परम्परागत अधियाँ/बटैया प्रथाले भूमिहीन र सीमान्तकृत कृषकहरूलाई न्यून प्रतिफलमा सीमित राखेको छ। उनीहरू कानुनी सुरक्षा बिना अरूको जमिन भोगचलन गर्न विवश छन्।

भूउपयोगमा सामुदायिक संस्कार, थारू समुदायको भूमिमा आधारित संस्कृति र सामूहिक वन तथा चरन क्षेत्रको उपयोग उल्लेखनीय पक्ष हुन्। तर शहरीकरण र संरचना निर्माणले कृषि योग्य जमिन घटाउँदै लगेको छ, जसले खाद्य उत्पादन र परम्परागत सामूहिक उपयोग प्रणालीमा दबाब सिर्जना गरेको छ।

जलवायु परिवर्तन र मौसमको अनिश्चितताले पनि भूमि-कृषि क्षेत्रमा थप जोखिम पैदा गरेको छ। बाढी, डुबान, सुख्खा र जमिन कटानका समस्या हरेक वर्ष बढ्दै गएका छन्, जुन दीगो कृषि विकास र खाद्य सुरक्षाका लागि खतराको संकेत हो।

समग्रमा शुक्लाफाँटा नगरपालिकामा भूमि अधिकार, लैङ्गिक समानता, आरक्ष पीडितको पुन:स्थापना, विपन्नता निवारण, व्यवस्थित पुनर्वास र दीगो भूउपयोग योजनाको प्रभावकारी कार्यान्वयन अहिलेको प्रमुख आवश्यकता हो। कानुनी स्वामित्व सुनिश्चित, सामुदायिक सहकार्य सुदृढ र नीति कार्यान्वयनमा स्थानीय सरकार, सरोकारवाला निकाय र समुदायबीचको साझा पहल अनिवार्य देखिन्छ।



# अनुसूचीहरू

**अनूसुची १ :** अध्ययन गरिएको समुदाय र सहभागी संख्या

| वडा नं. | समुदाय | सहभागी संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा |
| १ | बैशाखा टोल | ३४ | ३० | ६४ |
| | बनसाह राना टोल | २६ | १५ | ४१ |
| | भोरकुण्डा | ९ | २१ | ३० |
| | गणेशपुर, गोरे डाङा | २९ | २२ | ५१ |
| | जनचेतना | २८ | २८ | ५६ |
| | गणेशपुर | ३८ | ३५ | ७३ |
| | खजुवा पट्टी बनसाह टोल | ३३ | ७ | ४० |
| | कृष्णटोल | २९ | ३२ | ६१ |
| | राम नगर | २५ | २९ | ५४ |
| | वडा कार्यालय टोल | २२ | ३२ | ५४ |
| २ | ढकनिया | ८ | २६ | ३४ |
| | **गुलरपट्टी** | ३० | १३ | ४३ |
| | लक्ष्मीपुर | ५४ | ३८ | ९२ |
| | रानीपुर | ७७ | २५ | १०२ |
| ३ | मौरीफांटा टोल | ७ | ९ | १६ |
| | पोखरी टोल | ३२ | ९ | ४१ |
| | ऐलानी टोल | ३७ | १९ | ५६ |
| | हल्दुधाट | ५९ | १२ | ७१ |
| | जोनापुर | ५६ | २५ | ८१ |
| | पश्चिम टोल | ३२ | २३ | ५५ |
| ४ | आशापुर, कालीका मुक्ती टोल | २७ | २४ | ५१ |
| | असैना | ४ | २७ | ३१ |
| | ढाणा | २० | २१ | ४१ |
| | सिकलपट्टी | १२ | २५ | ३७ |
| ५ | खजुवा टोल | २० | २६ | ४६ |
| | कृष्ण टोल | २६ | २१ | ४७ |

| | | | | |
|---|---|---|---|---|
| | वनसमिति | २१ | ३३ | ५४ |
| | गर्जुमनी | १० | ३९ | ४९ |
| ६ | वैजनाथ टोल | २२ | २८ | ५० |
| | कमलताल | ४२ | २७ | ६९ |
| | शिवशक्ती | ११ | ४१ | ५२ |
| ७ | झण्डाभोज, शान्तिपुर | १९ | ३३ | ५२ |
| | जुडा | ३० | २० | ५० |
| | कालापानी | १५ | ३१ | ४६ |
| | सिमलफांटा | ८ | २१ | २९ |
| ८ | बेलडाडी | १० | ११ | २१ |
| | फुलेली | ९ | २४ | ३३ |
| | मणिकाधाम पिल्लरी | ११ | ६० | ७१ |
| | नौखरी | १८ | ३९ | ५७ |
| | पारीफाटा | ४८ | ३६ | ८४ |
| | भमरभोज | २० | २५ | ४५ |
| ९ | लालपनिया अछामि टोल | ३३ | २५ | ५८ |
| | लालपनिया | १० | २९ | ३९ |
| | नौखरी | ८१ | २६ | १०७ |
| | राजपूर टोल | ३४ | २६ | ६० |
| | सिसैया | ७ | ९ | १६ |
| | त्रिवेणी | १६ | १९ | ३५ |
| १० | वन्जरीया | २४ | १९ | ४३ |
| | जव्दा, टोटी, लालपनिया | ३२ | २८ | ६० |
| | झलारी, नहर टोल | २१ | १८ | ३९ |
| | मुक्तिटोल, खल्ला टोल, प्रगतिटोल | ४० | ६७ | १०७ |
| ११ | अम्मरपुर | १६ | १६ | ३२ |
| | वैजनाथ | २८ | २० | ४८ |
| | दिपनगर वालविकासटोल | २८ | २३ | ५१ |
| | कालीका | १८ | २४ | ४२ |
| | मालिका, दशरथ टोल | ५८ | ७० | १२८ |

| | | | | |
|---|---|---|---|---|
| | सिद्धनाथ टोल | ४५ | ३४ | ७९ |
| १२ | अगलीपट्टी<br>लङडा<br>पछलीपट्टि टोल | | | ० |
| | बसन्तपुर , सरैया | २६ | २८ | ५४ |
| | वैजनाथ | ४१ | २७ | ६८ |
| | दम्मलपट्टी | २४ | १४ | ३८ |
| | दिब्ल्याहा, आन्द्राजाला | २५ | २३ | ४८ |
| | **डिलाशैनी** | ४ | १५ | १९ |
| | दुवाह र आमघाट | ११ | २७ | ३८ |
| | जगदम्बा टोल | ३१ | ९ | ४० |
| | खल्ला र मरघटैया | ५१ | १६ | ६७ |
| | कुण्डाटोल | ४१ | २६ | ६७ |
| | रामपुर | ३८ | २१ | ५९ |
| | तिल्की | ३६ | १८ | ५४ |
| **जम्मा** | | १८८७ | १७३९ | ३६२६ |

**अनुसूची २:** भूपरिवेश अध्ययन सूचना संकलन फारम

**क. कृषि क्षेत्र :**

| क.सं. | स्थान | उत्पादनहुने चीज | | | | |
|---|---|---|---|---|---|---|
| | | अन्न | दाल | तरकारी | फलफूल | अन्य |
| | | | | | | |

**ख. आवास क्षेत्र :**

| क.सं. | स्थान | परिवार संख्या | बस्तीको पृष्ठभूमि कुन समुदयको बसोवास |
|---|---|---|---|
| १ | | | |

**ग. व्यवशायिकक्षेत्र :**

| क.सं. | स्थान | सञ्चालनमा रहेको ब्यवशाय | सम्भावनाभएको ब्यवशाय |
|---|---|---|---|
| | | | |

**घ. औद्योगिक क्षेत्र :**

| क.सं. | उद्योग सञ्चालनमा रहेको स्थान | उद्योग सञ्चालनकालागि | सरकारले उद्योग सञ्चालनकालागि |
|---|---|---|---|

| | सञ्चालनमा रहेको उद्योग | सम्भावनाभएको ठाउँ र गर्न सकिने काम | तय गरेको ठाउँ भएत्यसको बिवरण |
|---|---|---|---|
| | | | |

**ङ. खानीतथाखनिजक्षेत्र :**

| क.सं. | स्थान | सञ्चालनहुन सक्ने खानी | हालको स्थिति |
|---|---|---|---|
| | | | |

**च. बन क्षेत्र :**

| क.सं. | स्थान | रूख | बुट्यान | घाँस | जडीबुटी | खनिज | पानी | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**छ. पानीकामूल, नदी,खोला, ताल, पोखरी, सिमसार क्षेत्र :**

| क.सं. | स्थान | हालको अवस्था/उपयोग | सम्भावना |
|---|---|---|---|
| १ | | | |

**ज. सार्वजनिकउपयोगको क्षेत्र :**

| क.सं. | स्थान | हालको अवस्था/उपयोग | सम्भावना |
|---|---|---|---|
| | | | |

**झ. धार्मिक, सांस्कृतिकमहत्वको क्षेत्र :**

| क.सं. | स्थान | हालको अवस्था/उपयोग | सम्भावना |
|---|---|---|---|
| | | | |

**ञ. सरकारले आवश्यककामकालागितोकेको क्षेत्र :**

| क.सं. | स्थान | प्रयोजन(केका लागि) | हालको अवस्था |
|---|---|---|---|
| | | | |

**ट. जोखिम क्षेत्र :**

| क.सं. | स्थान | जोखिम | प्रभाव | रोकथामको सम्भावना |
|---|---|---|---|---|
| | | | | |

**ठ.पुर्नवासकालागिउपयुक्तक्षेत्र :**

| क.सं. | स्थान | कुनै योजनाभएबिवरण | सम्भावना |
|---|---|---|---|
| १ | | | |

**३. परिवर्तन स्थिति :**

| बिवरण | हालको अवस्था | ३० वर्ष अगाडी |
|---|---|---|
| खेतीपाती | | |
| खानपान | | |
| पहिरन | | |
| चाडपर्व | | |
| शिक्षा | | |
| उपचार | | |
| पशुपालन | | |
| वर्षा | | |
| हावापानी | | |
| पेशा वा आयआर्जनका क्रियाकलाप | | |
| खर्च | | |
| स्वभाव/बोलीचाली, डर, ईज्जत, मानभाव | | |
| सीप | | |
| कलासंस्कृति | | |
| अन्य | | |

# सन्दर्भ सामग्री

नगरपालिकाको वस्तुगत विवरण, २०७९, शुक्लाफाँटा नगरपालिका, कञ्चनपुर

नगरपालिकाको नीति तथा कार्यक्रम २०१/०८२, शुक्लाफाँटा नगरपालिका

https://ekantipur.com/News-Folder/2025/07/12/

https://censusnepal.cbs.gov.np/results/np/